
बाइबलका
शिक्षाहरुको श्रृखला



यौनको उचित
प्रयोगको बारेमा
बाइबल अध्ययन

# परमेश्वरले नर र नारीलाई सृजनु भया

# परमेश्वरले नर र नारीलाई सृजनु भयो

यौनको उचित प्रयोगको
बारेमा बाइबल अध्ययन

Multi-Language Productions
Bringing the Word to the World

यस पुस्तकको पाठहरु वीस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशनद्वारा उत्पादन गरिएको ।

कपिराईट©२००५

२०११ मा प्रकाशित

रङ्गीन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । दृष्टान्तहरु नर्थ वेष्टर्न पब्लिशिङ्ग हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यू रिभाईज्ड भर्सनबाट लिइएको हो ।

कपिराईट © १९९७, २००९ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक १५

# विषय सूची


प्रारम्भमा.......................................................१

अध्याय १:
परमेश्वर तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने निश्चित
भएर शुरु गर्नुहोस्...........................................३

अध्याय २:
परमेश्वरले यौन सम्बन्ध स्थापना गर्नुभयो............१५

अध्याय ३:
येशूलाई तपाईको अगुवा हुन दिनुहोस्................२५

अध्याय ४:
æltgLx?दुइ एक हुनेछ”......................................३५

अध्याय ५:
जब यौन सम्बन्ध अनैक हुनजान्छ.....................४५

अध्याय ६:
æप्रत्येक कुरा परमेश्वरको महिमाको लागि
गर्नुहोस्”......................................................५९

शब्दावली.....................................................७३

अध्यायहरुको जाँचको उत्तर ............................७७

अन्तिम परिक्षा...............................................७९

# प्रारम्भ


यो पुस्तक यौन  र यौन सम्बन्धको बारेमा, र परमेश्वरले यी अमूल्य वरदानहरुको बारेमा हामीहरुलाई के सिकाउनु हुन्छ भन्ने बारेमा हो ।

प्रत्येक अध्याय सानो ताराले (*) संकेत गरेको उद्देश्यहरुको सूचिबाट शुरु हुन्छ । तब तपाईले केहि हरफहरु पढ्नु हुनेछ र प्रश्नहरुको उत्तर लेख्नु हुनेछ । अध्यायको अन्तमा त्यहाँ एउटा जाँच छ । जाँचमा तपाईले अध्ययन गरेको पाठबाट मात्र प्रश्नहरु सोधिएको छ । जब तपाई प्रश्नहरुको समूहको उत्तर लेखि सक्नुहुन्छ, तपाईलाई दिइएको पृष्ठ नं. मा गएर तपाई आफ्नो उत्तरहरु जाँच्न सक्नुहुन्छ । तपाईले त्यो पेज खोल्नुभयो भने पृष्ठको सबभन्दा मुनि प्रश्नको उत्तरहरु पाउनुहुनेछ ।

तपाईका उत्तरहरुलाई होसियारी पूर्वक जाँच्नुहोस । तपाईले कुनै त्रुटि गर्नुभएकोछ भने सच्याउनुहोस् । अरु अध्याय शुरु गर्नुभन्दा पहिले तपाई सबै उत्तरहरु सम्झि राख्न निश्चित हुनुहोस् ।

पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । तपाईले यो जाँच पूरा गर्नुभन्दा पहिले अध्यायका जाँचहरुलाई दोहऱ्याउनुहोस् । जब तपाई अन्तिम जाँच पूरा गर्नुहुन्छ, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई यो परीक्षा पत्र बुझाउनुहोस् वा यो पुस्तकको पछाडि लेखिएको ठेगानामा पठाउनुहोस् ।

परमेश्वरले तपाईलाई येशूख्रीष्टको बारेमा अझै बढी जान्न र उहाँले तपाईलाई उहाँको यौन सम्बन्धको वरदान प्रयोग गर्न सहायता प्रदान गरुन । तपाईको अध्ययनमा निश्चय नै उहाँले आशिष दिनुहुनेछ ।



येशू क्रूसमा मर्नुभयो ।

# अध्याय एक

## परमेश्वर तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने निश्चित भएर शुरु गर्नुहोस्

सायद तपाईले आफ्नो जीवनको कतिपय भागहरुलाई तपाईले समय समयमा अवलोकन गर्नुभयो र सम्झना पनि गर्नुभएको छ । सायद तपाईले धेरै कुराहरुको सहायता र निर्देशनको लागि परमेश्वरसँग सहायता माग्ने बारेमा सोच्न शुरु गर्नुभयो होला । तपाईको कामवासनाको बारेमा के मनसाय छ ? के तपाईले परमेश्वरलाई तपाईको पुरुषत्व र नारीत्वको मालिक बन्न भनि तपाईले सोच्नु भएको छ ? अथवा के यसको विषयमा म परमेश्वरसँग कुरा गर्न सक्दैन, भनेर सोचिरहनु भएको छ यस्ता प्रकारका अरु हरेक कुराहरु जीवनमा हुन्छन, तपाईको जीवनको यौन सम्बन्धको भाग परमेश्वरसँगको सहायताले

राम्रो हुन जानेछ, र यदि तपाई आफै आफ्नो मालिक हुने कोशिश गर्नुहुन्छ भने यसले एउटा जटिल परिस्थिति खडा गर्न सक्छ । केही त्यस्तो जटिल परिस्थिति स्वयं अनुभव हुन सक्छ । हुनसक्छ तपाईको परिवारको सदस्य अथवा साथी बलात्कारको अपराधको कारण झ्यालखाना परेको देख्नु भएको होला । हुनसक्छ एउटा पुरुष अथवा नारी हुनको अर्थमा तपाई निश्चित नभएको हुनसक्छ । हुनसक्छ तपाई यस्तै यौन कृयाकलापको परिक्षाको सामना गरिरहनु भएको छ । हुनसक्छ अश्लिलता, त्यो हो कि यौन कृया गरिरहेको तस्विरलाई हेर्नु अथवा नाङ्गा तस्विरहरु हेर्नु जो तपाईको जीवनको ठूलो अंग भइरहेको हुनसक्छ । तपाईको जीवनको यो भागमा सधै एउटा समस्याको कारण भइरहेकोछ ।

धेरै मानिसहरु यौन कृयाको बारेमा परमेश्वरसँग प्रश्न गर्न र उहाँतिर फर्कन कहिल्यै पनि विचार गरिरहेका हुदैनन् । तर यसको विषयमा सोच्नुहोस् : तपाईले सर्वप्रथम परमेश्वरतिर फर्कनु आवश्यक छ । उहाँले यौनसम्बन्ध सृजनु भयो । उहाँले तपाईलाई रच्नु भयो । उहाँ तपाईलाई प्रेम गर्नुहुन्छ तपाईले जतिसुकै गल्ती गर्नुभए पनि र अलमल्लमा परे पनि यसको केही मतलव छैन । उहाँले तपाईलाई उहाँको क्षमा गरिएको बालक हुनलाई यति धेरै मन पराउनु भयो कि उहाँको पुत्र येशूलाई तपाईको लागि मर्न दिनु भएको थियो । निश्चयनै तपाईको जीवनको यो भागमा उहाँ तपाईसँग विश्वास योग्य भई रहनु भएको छ ।

यो अध्यायमा हामी हेर्नेछौं कसरी

* परमेश्वरले तपाईको आवश्यकताहरुलाई बुझ्नुहुन्छ ।

* जब तपाई शारीरीक सम्बन्धको जीवनको व्यवहार शुरु गर्नुहुन्छ । परमेश्वरको निस्वार्थ प्रेममा तपाई पूर्णरुपमा निश्चित हुन सक्नुहुनेछ ।

धेरै मानिसहरु तिनीहरुको शारीरीक सम्बन्धको जीवनलाई परमेश्वर कहाँ ल्याउन मन पराउदैनन् कारण तिनीहरु डराउछन । परमेश्वरले वास्तवमा तिनीहरुको आवश्यकतालाई बुझ्नुभएको छैन अथवा उहाँले वास्तवमा रेखदेख गर्नुहुन्न, र तिनीहरुको जीवनलाई ठट्टामा लिनुभएको छ भनेर तिनीहरु डराउछन । तर त्यो सत्यता ठीक उल्टो छ । "येशूले भन्नुभयो, म तिनीहरुले जीवन पाउँन, र त्यो प्रशस्त मात्रामा पाउन भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०)

परमेश्वरले तपाईको जीवन खुशीयाली भएको चाहनु हुन्छ । जसमा तपाईको जीवनका यौनजन्य भागहरु पनि समावेश छन ।

दुखित हुनबाट छुटकारा पाउन तपाईलाई सहायता गर्न चाहनु हुन्छ । त्यसकारण उहाँले यस्तो नियम बनाउनु भयो, "व्यभिचार नगर्नु" (प्रस्थान२०:१४) र, "सबैका बीचमा विवाह चाँहि आदरणीय होस् वैवाहिक सम्बन्ध नबिटुलिओस्" (हिब्रू १३:४) परमेश्वरको तरिकाले गर्दा तपाईको जीवनमा धेरै जसो दु:ख पूर्ण र अलमलिने कुराहरुबाटा छुट्कारा पाउन सहायता हुन्छ, जस्तै:

- यौन सम्पर्कबाट हुने रोगहरुलाई अर्को मानिसलाई सर्नु
- सुरक्षित परिवार बिनाको बच्चाको जन्म हुनु
- आफ्नो हृदय र शरीर कसैलाई दिएको बाट र त्यो व्यक्तिले छोडेपछि त्यो वेदना आउँछ । कारण तपाईको जीवन वैवाहिक सम्बन्ध थिएन ।
- तपाई समलिङ्गी यौनकृया सम्बन्धमा फसेको कारण पुरुष र स्त्रीको आनन्दको सम्बन्धलाई गुमाइ रहनुभएको छ ।
- प्रेम देखाउनु पर्ने व्यक्ति हुनुको सट्टा अर्को मानिसलाई आनन्दको लागि प्रयोग गर्ने भइरहनु भएको छ ।
- यौन कुलतको जाल भइरहनुभएको छ ।

एउटा मानिस जसले आफ्नो भोक मेटाउन मिठाँइ खान्छ त्यसले आफ्नो असल खानाको भोकलाई समाप्त पार्छ । त्यही कुरा यौनकृयामा हुन सक्छ । यदि तपाईले आफ्नो जीवनलाई झूटा यौन सम्बन्धको खुशीयालीले भर्नु भएको छ भने तपाईले असल थोकको भोकलाई विगार्न सक्नुहन्छ जुन चाँहि परमेश्वरको तरिका बाट तपाईको शारीरीक सम्बन्धको जीवनमा रहन आउछ ।

१. तपाईको जीवनको यौनकृया सम्बन्धी भागहरु............सँगको प्रभुत्वमा भएर राम्रो हुन जानेछ ।

२. तपाईको जीवनको यौनकृया सम्बन्धी भागहरु .............सँगको प्रभुत्वमा भएर जटिल परिस्थिति हुन सक्नेछ ।

३. यौनकृया सम्बन्धी प्रश्न अलमल्लका कुराहरुमा तपाईले सर्वप्रथम परमेश्वर कहाँ फर्किनु पर्छ, कारण उहाँले सर्वप्रथम यौनकृया ............... भयो ।

४. परमेश्वरले तपाईको जीवन ..................... भएको चाहनु हुन्छ, र उहाँले तपाईलाई दुखित हुनबाट ................... सहायता दिन चाहनु हुन्छ ।

५. यौन दुराचारबाट आउने रोगहरु दुखदपूर्ण हुन् जो अर्को व्यक्तिलाई सर्दछन, नवजात बालकको कुनै पनि सुरक्षित परिवार नहुनु, प्रेमरहित यौनसम्पर्कको सम्बन्ध, र यौन दुर्व्यसनहरु परमेशवरको............. अनुशरण नगरेर गरिने यौन सम्बन्धबाट आउन सक्छन ।
(तपाईको उत्तर जाँच्न पेज नं. ११ को तल हेर्नुहोस्)

तपाईले परमेश्वरको तरिकाले जीवन जीउने धेरै कारणहरु छन जब यो यौनकृयामा आउँछ । तरयदि यसप्रकारले जीवन जिइरहनुभएको छैन भने परमेश्वरले तपाईलाई स्वीकार गर्नु भएको छैन र मलाई बचाउनु भएको छैन भनेर तपाईले डराउनु पर्ने कुरा छैन । तपाईले ठीक अथवा असल जीवन जिएर परमेश्वरको प्रेम र उद्धारको इनाम पाउनु भएको होइन । उहाँको प्रेम र उद्धार उहाँले दिनुभएको सित्तैको वरदान हुन्: "परमेश्वरको सित्तैको

वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो" (रोमी ६:२३) ।

धेरै मानिसहरु परमेश्वरको प्रेमको बारेमा बाइबलले के भन्दछ भन्ने कुरालाई जानेका छैनन् । तिनीहरु विचार गर्दछन कि जति बढी असल तरिकाले तिनीहरु जिउँछन, त्यति बढी परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुहुन्छ र बचाइने असल मौका हुनेछ भनेर सोच्दछन् । तर त्यस्तो होइन । सत्य यो हो कि बाइबलले सिकाउँछ कि परमेश्वरले तपाई जस्तो अवस्थामा हुनुहुन्छ त्यहिँबाट उहाँ पूर्णतया तपाईलाई स्वीकार गर्नुहुन्छ र प्रेम गर्नुहुन्छ, र येशूले तपाईका सम्पूर्ण पापहरुलाई जब उहाँ क्रूसमा मर्नु भयो ति सबै दोषहरु उठाई लैजानुभयो । यदि तपाईले सही तरिकाले जिउँने काम शुरु गर्नुभयो भने परमेश्वरले तपाईलाई अहिले गरिरहेको प्रेम भन्दा अलिकति ज्यादा प्रेम गर्नुहुन्न । जब तपाई परमेश्वरसँगको जीवन जिउन शुरु गर्नुहुन्छ, तपाईको जीवनको दु:ख र अन्यौलता कम हुँदै जान शुरु हुनेछ, तर यसले परमेश्वरलाई अहिलेको भन्दा बढी प्रेम गर्ने बनाउदैन, किनकि परमेश्वरले आफ्नो सम्पूर्ण हृदयद्वारा पहिल्यै नै प्रेम गरिरहनु भएको छ ।

परमेश्वरले तपाईको जीवनमा असल र सकरात्मक परिर्वतन गर्नलाई सहायता गर्न चाहनु हुन्छ । र उहाँलाई थाहा छ कि यदि तपाई उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ र स्वीकार गर्नुभएको छ भनेर निश्चित अथवा विश्वस्त हुनुहुन्छ, भने उहाँले मलाई प्रेम र स्वीकार गर्न सक्नुभएको छैन भनेर डराई रहनु भएको अवस्थामा भन्दा

तपाईले राम्रो कार्य गर्नु हुनेछ । बाइबलमा एउटा कथा छ कसरी केही धार्मिक अगुवा एउटा व्यभिचारणी आईमाइलाई पक्रेर ल्याए जसको विवाह भएको थिएन । तिनीहरुले त्यो आईमाइलाई लछारपछार गर्दै येशू कहाँ ल्याए र यो माग गर्दै कि उहाँले उनको दोष पत्ता लगाइदिऊन् ताकि तिनीहरुले उसलाई ढुङ्गा हानेर मार्न सकुन । येशूले तिनीहरुलाई स्पष्ट पार्नुभयो र ति आईमाइलाई भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्न । जाऊ, अनि फेरि पाप नगर"(यूहन्ना ८:११) । यसले कसरी कार्य गर्दछ त्यो हो, परमेश्वरले तपाईलाई पूर्णतया क्षमा र स्वीकार गर्नुहुनेछ । तपाई उहाँको निस्वार्थ प्रेमको सुरक्षामा एउटा नयाँ जीवन जिउँन शुरु गर्न सक्नुहुन्छ । र त्यसमा तपाईको यौन जीवन समावेश हुन्छ ।

६. परमेश्वरको प्रेम र उद्धार एउटा...............हो न कि ................जो तपाईले असल जीवन जिएर पाउनुहुन्छ ।

७. येशूले तपाईका सम्पूर्ण पापहरु उठाउनु भयो जब उहाँ .......... मा मर्नुभयो ।

८. यदि तपाई उहाँले तपाईलाई ...............गर्नुहुन्छ र ............ गर्नुभएको छ भनेर निश्चित अथवा विश्वस्त हुनुहुन्छ, भने उहाँले मलाई प्रेम र स्वीकार गर्न सक्नुभएको छैन भनेर डराई रहनु भएको अवस्थामा भन्दा तपाईले राम्रो कार्य गर्नु हुनेछ ।

तपाईका उत्तरहरु जाँच्न पेज नं.११ को तल हेर्नुहोस् ।

## अध्याय एकको पूनरावलोकन

धेरै समय सम्म मानिसहरुले परमेश्वरलाई तिनीहरुको जीवनको यौन सम्बन्धको बारेमा परमेश्वरलाई मालिक बनाउने विचार गर्दैनन् । यद्यपि तिनीहरुको जीवनको भाग जटिल परिस्थितिमा छ । परमेश्वरले तिनीहरुको आवस्थालाई बुझ्नु भएको छैन र वास्ता फिकी गर्नु भएको छैन भनेर तिनीहरु डराई रहेका छन् । सत्य यो हो कि परमेश्वरले हाम्रो आवश्यकता बुझ्नु हुन्छ । उहाँले हाम्रो जीवनको अरु भाग जस्तै यौन सम्बन्धको भागमा पनि खुशी भएको चाहानु हुन्छ । त्यसकारण हामीलाई यौनकृया सम्बन्धी आचारणको नियम दिनुभयो । यौनको दुरुपयोगबाट हुन आउने समस्या र दुःख हटाउन परमेश्वर हामीलाई सहायता गर्न चाहानु हुन्छ ।

यदि तपाईले यौन सम्बन्धको बारेमा उहाँको नियम पालन गर्नुभयो भने परमेश्वरले तपाईलाई धेरै प्रेम गर्नुहुनेछैन् र तपाईले ती नियमहरु पालन गर्न सक्नुभएन भने पनि उहाँले तपाईलाई कम प्रेम गर्नु हुनेछैन ।

परमेश्वरले तपाई जस्तो हुनुहुन्छ त्यस्तै अवस्थामा पहिल्यै नै तपाईलाई सर्त रहित प्रेम गर्नुभएको छ । येशू तपाईका सम्पूर्ण पापहरुको मूल्य जो तपाईले गर्नुभएको थियो त्यो तिर्न कूसमा मर्नुभयो, यसको अर्थ यो हो कि तपाईले परमेश्वरबाट क्षमा पाउनु भएको छ भनेर तपाई निश्चित हुन सक्नुहुन्छ । यदि तपाई उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ र स्वीकार गर्नुभएको छ भनेर निश्चित अथवा विश्वस्त

हुनुहुन्छ,  भने उहाँले मलाई प्रेम र स्वीकार गर्न सक्नुभएको छैन भनेर डराई रहनु भएको अवस्थामा भन्दा तपाईले राम्रो कार्य गर्नु हुनेछ।

( उत्तरहरुः १.परमेश्वर, २.तपाई, ३.सृष्टि गर्नुभयो, ४.खुशी, दयनीय, ५. नियमहरु ६.उपहार, इनाम, ७. कूस, ८.प्रेम, स्वीकार गर्नु)

## अध्याय एकको जाँच

१. तपाईको जीवनको यौनकृया सम्बन्धी भागहरु ...............संगको प्रभुत्वमा भएर राम्रो हुनेछ र ...........संगको प्रभुत्वमा यो एउटा जटिल परिस्थिति हुनसक्नेछ ।

२. .............ले यौनकृया सृजनुभयो त्यसकारण उहाँसंग ...............हुनुहुन्छ तपाईको यौन सम्बन्धको बारेको प्रश्न र अलमल्लमा उहाँ तपाईले फर्किनु पर्ने ...........हुनुपर्दछ ।

३. तपाईको जीवन जति जटिल अवस्थामा भए पनि परमेश्वर तपाईलाई...........गर्नुहुन्छ ।

४. यूहन्ना १०:१० मा येशूले भन्नुभयो, “म त तिनीहरुले..............पाउन र त्यो ................मात्रामा पाउन भन्ने हेतुले आएँ” ।

५. यौनसम्बन्धको लागि परमेश्वरको योजनाको अनुसरण नगर्नाले आउने दु:ख पिडाहरुमा ठीक चिन्ह राख्नुहोस् ।

........... क, यौन सम्बन्धबाट आउने रोगहरु जो अर्को व्यक्तिमा सर्दछन।

........... ख, नवजात बालकहरु कुनै पनि सुरक्षित परिवार नहुनु ।

.............ग, सुरक्षित, प्रेमपूर्ण गृह ।

.............घ, यौन दुर्व्यसनहरु ।

.............ङ, दीर्घकालिन सम्बन्ध ।

६. सही अथवा गलत ? सही उत्तरमा गोलो घेरा लगाउनुहोस्

... उहाँले तपाईलाई स्वीकार गर्नु र तपाईलाई उद्धार गर्नुभन्दा पहिले सर्वप्रथम परमेश्वरसंगको जीवन जिउनु पर्छ ।

७. येशूले तपाईका सम्पूर्ण.............उठाउनुभयो जब उहाँ क्रूसमा मर्नुभयो ।


८. येशूको क्रूसको मृत्युको अर्थ परमेश्वरले तपाईलाई क्षमा दिनुभएको मा तपाई..........हुन सक्नुहुन्छ ।

९. कसले तपाईको जीवनमा बढी सकरात्मक परिवर्तन गर्नमा सहायता दिएको हुनसक्छ ? सर्वोतम उत्तर जाँच्नुहोस् ।

...............डराएर परमेश्वरको प्रेम र स्वीकारलाई गुमाउछु कि भन्ने डर ।

.............. तपाईसंग परमेश्वरको प्रेम र स्वीकार छ भन्ने निश्चयता ।

पेज नं. ७७ मा तपाईका उत्तरहरु जाँच्नुहोस्



आदम र हव्वा पहिलो पुरुष र स्त्री थिए ।

# अध्याय दुइ

## परमेश्वरले यौन सम्बन्ध स्थापना गर्नुभयो

एकजना मानिसको बारे एक जोक छ जसको विधवा आमा ऊ भन्दा धेरै टाढा रहन्थिन । उनी एक्लै छिन भन्ने कुराले ऊ डराएको थियो, त्यसकारण उसकी आमाको जन्मदिनमा उसले एउटा धेरै महङ्गो कुराकानी गर्ने सुगा ल्यायो र आमाकहाँ पठाई दियो । केही दिन पछि उसले आफ्नी आमालाई पठाएको उपहार पायो कि पाएन भनि फोन गऱ्यो । आमाले भनिन् “मैले प्राप्त गरे, र वास्तवमा तिमीले पठाएको हृदयी उपहारको लागि धन्यवाद । यो अति नै स्वादिस्ट थियो । ठीक त्यस्तै प्रकारले परमेश्वरले हामीलाई धेरै ठूलो मुल्यवान उपहार दिनुभएको छ: त्यो उपहार हाम्रो पुरुषत्व अथवा नारीत्व

हो । त्यही जोक अनुसार झै, जब परमेश्वरबाट हामी यो पत्ता लगाउदैनौ कि परमेश्वरले जब यो उपहार दिनुभयो उहाँको मनमा के थियो । तब हामीले गर्ने कुराहरुलाई जटिल बनाउछौ । यो अध्यायमा हामी हेर्नेछौं कसरी:

* परमेश्वरले हाम्रो कामवासनालाई एउटा प्रिय उपहारको रुपमा हामीलाई दिनुभयो ।

* यो उपहारमा रमाउन र प्रयोग गर्न हामीले सहायताको लागि उहाँतिर हेर्नु आवश्यक छ ।

परमेश्वरले मानव जाति सृजनु भएको भन्ने बारे जब बाइबलले कुरा गर्छ यो एउटा प्रथम कुरा यसले भनेको छ, æनर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो ।" उत्पति १:२७ । ठीक संसारको शुरुवात संगै कामवासना मानिसहरुको जीवनमा एक महत्वपूर्ण भाग थियो । आज पनि तपाई त्यो देख्नुहुन्छ । जब एउटा बालक जन्मन्छ, त्यो बालक संग सर्वप्रथम अरुलाई भन्न के कुरा हुन्छ ? यो बालकको आँखाको रंग अथवा बालकको टाउकोमा भएको कपालको संख्या होईन । सर्वप्रथम यो भनिन्छ, æकेटा हो !Æ अथवा æकेटी हो !Æ तपाई बालक भएकै समय देखि तपाईको को हो भन्ने बारेमा तपाईको पुरुषत्व र नारीत्वको एउटा महत्वपूर्ण भाग भइसकेको हुन्छ ।

यर्थात त्यो हो कि मानिसहरु आफ्नो जीवन जिउँछन, नर र नारी खुशीको जीवनको एउटा अंग हो । कहिले काँही पुरुष र स्त्रीमा केहि कुराहरु भिन्न देखिन्छन, र हामी ति

भिन्न कुराहरु हेर्न एकअर्कालाई सहायता प्राप्त गर्न सक्छौ । कहिले काँही एउटा पुरुषले अरु पुरुषसंग भन्न अप्ठ्यारो हुने कुराहरु एउट स्त्रीसंग भन्न सक्छ । कहिले काँही स्त्रीलाई पनि कुराकानी गर्न पुरुषको आवश्यकता हुन्छ । पुरुष र स्त्रीको एक अर्काप्रति हुने शारीरीक आकर्षण परमेश्वरले मानव जीवन बनाउनु भएको अर्को खुशी हो । स्वभावैले पुरुष र स्त्री एकअर्का प्रति आकर्षित हुन्छन् । र त्यो भागमा बाइबलले यसको बारेमा के भनेको छ यसले भन्छ, "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो । र त्यो साह्रै राम्रो थियो" (उत्पति १:३१) ।

एक भाग पुरुष अथवा स्त्री हुनुको एक भाग यौनकृयाको योग्यता हो । यो हाम्रो जीवनको केवल एक भाग हो, तर यो अति महत्वपूर्ण भाग हो । बाइबलले भन्छ कि परमेश्वरले नर र नारी सृजनु भएपछि तिनीहरुलाई भन्नुभयो, "फल्दै फुल्दै, बृद्धि हुदै, पृथ्वीमा भरिदै जाओ" (उत्पति १:२८) । परमेश्वरले आदन र हव्वालाई यौनकृयाको योग्यतामा सृजनुभयो । उहाँले तिनीहरुलाई श्रीमान् र श्रीमती बनाउनुभयो । उहाँले तिनीहरुलाई यौनकृयाको योग्यतालाई प्रयोगको शुरुवात गर्नको लागि भन्नुभयो । बाइबलले जे भनिरहेकोछ यो त्यसको एउटा अर्को भाग थियो, "आफूले बनाउनु भएको हरेक कुरा परमेश्वरले हेर्नुभयो । र त्यो साह्रै राम्रो थिया थयो जब यसले भने" (उत्पति १:३१) ।

१. उत्पति १:२७ ले भन्छ, "परमेश्वरले तिनीहरुलाई.............र...........नै गरि सृष्टि गर्नुभयो" ।

२. पुरुष र स्त्री एकअर्काको सम्बन्धमा रहेर खुशी हुन्छन र एकअर्कासंग आकर्षित हुन्छन्, र उत्पति १:३१ ले जब यसरी भन्दछ, र त्यही यसको अर्थ हो, आफूले बनाउनु भएको.......परमेश्वरले हेर्नुभयो । र त्यो........ ....... थियो" ।

३. सही अथवा गलत ? सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

- संसारमा पाप आएपछि मात्रै मानिसहरुले यौनकृया शुरु गरेका थिए ।

- परमेश्वरले आदम र हव्वालाई पति पत्नी गरी सृजनुभयो ।

( पेज नं. २१ को तल आफ्नो उत्तर मिलाउनुहोस् )

शैतानले मानिसहरुलाई विश्वस्त पार्न कोशिष गर्न मन पराउछ, "परमेश्वर तपाईको जीवनको यौनकृयाको भागमा रुचि राख्नु हुन्न । उहाँ केवल धार्मिक कुराहरुलाई मात्र मन पराउनु हुन्छ । कामवासना मेरो भु-भाग हो ।" तर शैतान सधै भ्कै भ्कूट बोलिरहेकोछ, प्रथम स्थानमा परमेश्वरले नै यौनकृया सृजनुभयो, र परमेश्वर नै एक हुनुहुन्छ जसले तपाईको पुरुषत्व अथवा नारीत्व दिनुभयो ।

परमेश्वर यसो भनेर आफ्नो उपहार हामीलाई दिनुहुन्न, "मैले मेरो गर्नुपर्ने कुरा गरिसके, अब जे गर्नुपर्छ तिमीहरु नै अनुसन्धान गर ।" तपाईले के गर्नुपर्ने हो पत्ता लगाउन सहयोग गर्न परमेश्वर सधैं त्यहाँ हुनुहुन्छ ।

बाइबलले भन्छ, “तर यदि तिमीहरु मध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसंग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ” ( याकूब १:५ ) । यदि तपाई आफ्नो यौनकृयाको बारे अल्लमल्ल हुनुहुन्छ भने, अथवा तपाई परमेश्वरले दिनुभएको नियमलाई पालन गर्न सक्नुहुन्न भन्ने महसुस गरिरहनुभएको छ, परमेश्वर तपाईलाई आमन्त्रण गरिरहनु भएको छ तपाई उहाँ सन्मुख आउनुहोस् र यसको बारेमा कुराकानी गर्नुहोस् ।

येशू तपाईको लागि मर्नुभयो । तपाईको जीवनको हरेक भाग परमेश्वमा महत्वपूर्ण र मुल्यवान छ । बाइबलले भन्छ, “तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर” (रोमी १२:१) । अगाडि बढ्नुहोस् र तपाईको यौनकृयाको बारेमा परमेश्वरसंग कुराकानी गर्नुहोस्, र पत्ता लगाउनुहोस् तपाई पुरुष र नारीको रुपमा उहाँको मनमा तपाईको लागि के छ ।

४. सत्य अथवा झूटो ? सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

- परमेश्वरले तपाईको धर्मि भागलाई मात्र वास्ता गर्नुहुन्छ, यौनकृयालाई वास्ता गर्नुहुन्न ।

- शैतान यौनकृयाको सम्बन्धमा एउटा विशेषज्ञ होईन, किनकि यो परमेश्वरले रच्नुभएको हो ।

- तपाई आफ्नो शरीरले के गर्नुहुन्छ तपाईको शरीरको अंग परमेश्वरको आराधना हुनलाई दिन सक्नुहुन्छ ।

५. यदि तपाईलाई यौनकृया सम्बन्धी समस्या छ, तपाई यसको बारेमा परमेश्वरसंग................गर्न सक्नुहुन्छ ।

(तपाईको उत्तरहरु पेज नं.२१ मा हेर्नुहोस्)

## अध्याय दुइको पूनरावलोकन

जब परमेश्वरले हामीलाई रच्नुभयो उहाँले शारीरिक सम्बन्धको पनि निर्माण गर्नुभयो जसको कारण हामी पुरुष अथवा स्त्री छौँ हामी भित्र हाम्रो जीवनको महत्वपूर्ण भाग छ । पुरुष र स्त्रीसंग भिन्न प्रकारको सोच्ने तरिका हुन्छ, र पुरुष र स्त्रीमा एक अर्काप्रति आकर्षित हुन्छन् । तिनीहरु जीवनको आनन्दका भागहरु हुन् । पतिहरु र पत्नीहरुको शारीरिक सम्बन्धले बच्चाहरु जन्मिने कुरा शुरुदेखि नै परमेश्वरको योजनाको भाग थियो । तपाईको समस्याहरु र यौनकृयाको बारेमा अल्लमल्लका कुराहरु लिएर सहायताको लागि परमेश्वर कहाँ जान सकिन्न भनि सोच्नु यो एउटा खतरनाक गल्ती हो । किनभने परमेश्वररले शारीरिक सम्बन्ध स्थापना गर्नुभयो, उहाँलाई थाहा थियो र किनभने परमेश्वरले तपाईलाई प्रेम र स्वीकार गर्नुहुन्छ र सहायता गर्नुहुन्छ ।

(उत्तरहरु: १.पुरुष, स्त्री, २.सबैथोक, धेरै असल, ३.बेठीक, ठीक ४.बेठीक, ठीक, ठीक, ५.प्रार्थना)

## अध्याय दुइको जाँच

१. तपाईको यौनकृया .......... ............. ............. को महत्वपूर्ण भाग हो ।

२. बाइबलले भन्दछ परमेश्वरले मानिसलाई.......... ...............को रुपमा बनाउनुभयो

३. पुरुष र स्त्री एकअर्कासंगको सम्बन्धको कुराहरुमा साधरण र स्भाविक भागका कुराहरु जाँच्नुहोस्

.............. क पुरुष र स्त्री एकअर्कासंग खुशीयाली मनाउछन् ।

.............. ख स्त्री र पुरुष एकअर्काप्रति आकर्षित भेटीइन्छन ।

.............. ग स्त्री पुरुषदेखि भयवित हुनु ।

.............. घ पुरुषले स्त्रीसंग आफ्ना विचार र भावना व्यक्त गर्नु ।

.............. ङ पुरुषले स्त्रीलाई तिनले के गर्नुपर्छ भनेर भन्नु ।

४. सही अथवा गलत ? ठीक उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

क- संसारमा पाप आएपछि मानिसहरुले यौनकृया शुरु गरे

ख- परमेश्वर विवाहित जोडीले यौनकृयाको योग्यतालाई व्यवहारमा ल्याएकोमा तिनीहरुसंग खुशी हुनुहुन्छ ।

ग- परमेश्वरले तपाईको धार्मिक जीवनको बारेमा साँच्चै वास्ता गर्नुहुन्छ ।

घ- यौनकृया शैतानको भु-भाग हो ।

ङ- तपाईको जीवनको कुनै पनि भागको लागि परमेश्वर सुन्न र सहायता गर्न चाहनु हुन्छ ।

५. उत्पति १:३१ ले भन्दछ, परमेश्वरले आफूले बनाउनु भएको सबै थोक हेर्नुभयो, जसमा मानविय यौनकृया पनि समा्वेश छ र यो ............. ........... ।

(पेज नं. ७७ मा तपाईको उत्तर जाँच्नुहोस् ।)



येशू सामरी स्त्रीसँग कुरा गर्नुहुन्छ ।

# अध्याय तीन

## येशूलाई तपाईको सहयोगी हुन दिनुहोस् ।

जब तपाई पहिलो पटक एउटा नयाँ गाऊँ अथवा शहर जानुहुन्छ तपाई आफूलाई एक्लो र सहारा विहिन महसुस गर्न सक्नु हुन्छ । तर हुनसक्छ, तपाईको धेरै समय त्यहाँ बितिसकेपछि, तपाई कसैलाई भेट्नु हुन्छ जो तपाईको एउटा साथी हुन्छ र तपाई उसलाई विश्वास गर्नुहुन्छ । जो चाँहि त्यो शहरमा धेरै अगाडि देखि बस्दै आएको छ उसलाई त्यो ठाँउको बारेमा के गर्ने काँहाँ जाने भन्ने सबै ज्ञान छ । जब तपाई साथीसंग धेरै समय बिताउनु तपाई धेरै कुरा सिक्नुहुन्छ । तपाईले सल्लाह सुनेर र प्रश्न सोधेर सिक्नुहुन्छ । आउने परिस्थितीहरुलाई उसले कसरी सम्हालेको छ त्यो कुराद्वारा पनि हेरेर सिक्नु हुन्छ ।

कहिले कहीं उसलाई देखेर तपाईको सोचाईमा सहायता हुन सक्छ, «म यहाँ विना कष्ट रहिरहेको छ" । यहाँ म यो शहरमा खुशी हुन सक्छ" ।"

येशू त्यो साथी जस्तै हुन सक्नुहुन्छ । जीवनको हरेक परिस्थितिमा, तपाई सधैं सोच्न सक्नुहुन्छ, «येशू यस्तै अवस्थामा जीउनुभयो । मेरो जीवनमा के भइरहेकोछ, उहाँलाई थाहा छ । उहाँ मसंग अहिले नै हुनुहुन्छ । म उहाँलाई सहायताको लागि सोध्न सक्छ", र उहाँले कसरी आफ्नो जीवन जीउनु भयो भन्ने बारेमा बाइबलमा हेर्न सक्छ" ।"

यदि तपाई एउटा वास्तविक पुरुष र स्त्रीले कसरी आफ्नो जीवन जिउँनु पर्छ भन्ने बारे अनिश्चित हुनुहुन्छ, कसरी जिउँनुपर्छ भनी थाहा पाउने व्यक्तिलाई तपाईले हेर्नुपर्छ । येशू नै सर्वोत्तम व्यक्ति हुनुहुन्छ तपाई उहाँलाई हेर्न सक्नुहुन्छ । यो अध्यायमा बाइबलले हामीलाई के भन्छ भन्ने बारे हेर्नेछौं:

* मानविय यौनसम्बन्ध सित कसरी येशू एउटा वास्तविक मानव जाति भएर जीउनुभयो ।


* किन येशू मानविय यौनसम्बन्ध सित एउटा वास्तविक मानव जाति भएर रहनुभयो ।

येशूको जन्मको बारेमा बाइबलले यो भन्छ: «तिनले ( मरियमले) आफ्नो जेठो छोरो जन्माईन (लूका २:७) । अन्य कुनै बालक जस्तै, त्यही प्रकारको शरीर, मष्तिस्क र

वंशाणु संगै भएर परमेश्वरको पुत्र यो संसारमा आउनुभयो । उहाँले एउटा मानव जाति बन्न बाहना र भेषभूषालाई पहिरहनु भएको थिएन । उहाँ मानविय यौनकृयाको स्वभावमा पूर्ण तथा मानव हुनुहुन्थ्यो ।

उहाँ बाल्यावस्थाबाट यूवावस्थामा बढ्नुभयो र जब येशू ठूलो हुनुभयो, त्यसको अर्थ यो हो कि जसरी बालकहरु यूवा हुन गईरहेका हुन्छन त्यसरी नै उहाँ पनि भएर जानुभयो । उहाँको यौनकृयाको आशय विउँभन शुरुभयो, र केटीहरुले आकर्षणतालाई हेर्न शुरु गरे । कुनै पनि किशोर वयस्क हुने अवस्थामा पुग्दा त्यहाँ खुशी र खतरा दुवै हुन्छन् र यो येशूको लागि पनि कुनै फरक थिएन । मानिस हुन थाहा पाउन र महसुश गर्नु तथा स्त्रीहरु कति सुन्दर छन् भन्ने थाहा पाउनु आनन्दको कुरा थियो र कामुक्त हुनु अनि विवाह नगरी यौन सम्बन्धको इच्छा गर्नु खतरा थियो ।

तर बाइबलले येशूको बारेमा यो भन्छ: “तर हामी जस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पाप रहित हुनु हुन्थ्यो ।” (हिब्रू ४:१५) ।



सानो बालकको रुपमा येशू ।

येशू २० वर्षको हुनुभयो पछि ३० बर्षको हुनुभयो । उहाँ मानव हुनुभयो । उहाँ नम्र सानो व्यक्ति जो मानिस हुनदेखि डराउछ यस्तो हुनुहुन्नथ्यो । कडा परिश्रम गरेर उहाँ रहनुहुन्थ्यो, डकर्मीको कठोर कार्य र सायद उहाँ सिकर्मीको कार्य पनि गर्नुहुन्थ्यो । उहाँ ति कठोर मिहिनेत गर्ने मान्छे र ठगहरुलाई पनि जान्नु हुन्थ्यो । उनीहरुलाई आदर दिनु हुन्थ्यो र उनीहरुबाट आदर पाउनु हुन्थ्यो । तिनीहरुमध्ये बाट कोही उहाँका चेलाहरु भए । आईमाईहरु पनि उहाँसंग हुन मन पराउथे, र उहाँ उनीहरुसंग भएर खुशी हुनु हुन्थ्यो । आईमाईलाई पनि उहाँले आदर दिनु हुन्थ्यो र उनीहरुबाट पनि आदर प्राप्त गर्नु हुन्थ्यो । येशू एउटा वास्तविक मानिसको जीवन जस्तै जिउँनु भयो ।

सही अथवा गलत ?

सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

१. परमेश्वरको पुत्र येशू मानव जाति जस्तै देखिनु भयो, तर उहाँ वास्तविक मानव जाति हुनुहुन्नथ्यो ।

२. येशूमा मानविय यौनकृयाको स्वभाव थियो ।


३. येशूमा यौनकृयाको आशय थियो जब उहाँ यूवावस्थामा हुर्कंदै हुनुहुन्थ्यो सो आयो ।

४. येशूले आईमाई र परिश्रमी मान्छेहरुलाई छोड्नु भयो शान्त धार्मिक जीवन जिउँनुभयो ।

५. हिब्रू ४:१५ ले भन्दा कि येशू सबै कुरामा ...........हुनुभयो, र पनि ............ .......हुनुहुन्थ्यो ।

(पेज नं.३३ को तल आफ्नो उत्तरहरु जाँच्नुहोस्)

येशू मानविय जीवनमा जीउनुभयो र परमेश्वरले मानव जातिलाई दिनुभएको व्यवस्था पालन गर्नुभयो जसमा यौनकृया सम्बन्धी नियमहरु पनि समावेश थिए, त्यसको अर्थ हाम्रो सट्टामा उहाँले हामीले पालन गर्न नसकेका नियमहरु पूरा गर्नुभयो । गलाती ४:४-५ मा बाइबलले भन्छ, “तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधिनमा रहनेहरुलाई मोलतिरेर छुटाउनलाई उहाँलाई पठाउनुभयो ताकि पुत्रको पूरा हक प्राप्त गर्न सकौं ।” किनकि येशूले आफ्नो जीवनमा रहेर सिद्ध कार्य गर्नुभयो र यो हाम्रो सट्टमा गर्नुभयो । परमेश्वरले हामीलाई भन्न सक्नुहुन्छ, तिमीले सिद्ध जीवन जिउँन सकेका थिएनौ, तर मेरो पुत्र येशूले यो सिद्ध जीवन बितायो, र म तिमीलाई मेरो आशिष उनको (येशूको) सिद्ध कार्यको लागि दिनेछु” ।”



येशू जन्मिनुभयो ।

किनभने येशू मानविय जीवनमा जिउँनुभयो, र मानवजातिले जे महसुश गर्छन सो उहाँले सोच्नु महसुश गर्नुभयो, उहाँ हाम्रो प्रत्येक घटना जो हामीमा आईपर्छ त्यसको साथी र सहायक हुनसक्नुहुन्छ । बाइबलले भन्छ, "किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परिक्षामा पर्नेहरुलाई उहाँले सहायता गर्न सक्नुहुन्छ" (हिब्रू २:१८) । तपाईमा जेसुकै घटना आए पनि, त्यसमा यौनकृयाको भाग पनि समावेश हुनसक्छ त्यस बारेमा येशूसंग कुरा गर्नसक्नुहुन्छ । जब तपाई येशूसंग कुराकानी गर्नुहुन्छ त्यसबारे केही पनि सिमितता छैन । उहाँ तपाईलाई सहयोग गर्नुहुन्छ ।

६. येशूले परमेश्वरको सम्पूर्ण नियमहरु पालन गर्नुभयो, र उहाँले हाम्रो..........यो सबै गर्नुभयो ।

७. हिब्रू २:१८ भन्छ, " किनकि उहाँ आफैले .......र परिक्षित हुनुभयो ।

यसैले परिक्षामा पर्नेहरुलाई उहाँले......... गर्न सक्नुहुन्छ ।"

(तपाईको उत्तर जाँच्न पेज नं. ३३ मा हेर्नुहोस्)

## अध्याय तीनको पूनरावलोकन

तपाईको यौन सम्बन्धको स्वभावमा, येशू तपाईको साथी र सहयोगी हुन सक्नुहुन्छ किनभने उहाँले त्यही कुराहरु गर्नुभएको थियो । उहाँ यस संसारमा मानवजाति भएर जन्मनुभयो र उहाँमा यौनकृयाको स्वभाव थियो । उहाँ एउटा केटा हुनुहुन्थ्यो जो चाँहि मनुष्यत्वमा हुर्कनुभयो, उहाँले खुशी र परिक्षाको अनुभव गर्नुभयो जो अन्य केटाहरुमा एउटा यूवकको अनुभव हुन्छ । यूवक भएकोले आफ्नो पुरुषत्वबाट टाढा हुनभएको थिएन । यूवकको कार्य उनले गरे, र आफ्ना साथी संगी खुशी तथा आनन्दित भए । जब येशू एक वास्तविक यूवक हुनुहुन्थ्यो यहाँले कहिले पनि पाप गर्नुभएन । उहाँको आज्ञाकारीता निरन्तर परमेश्वरको सामु हाम्रो लागि कायम भयो । एउटा वास्तविक मानिसको रुपमा येशूको जीवन को अनुभवद्वारा हामी हाम्रा कठिनाईहरुमा कसरी गुज्रीनु पर्दछ, उहाँ बुझ्नुहुन्छ । र जब हामी सहायताको लागि उहाँसंग प्रार्थना गर्छौं उहाँले हामीलाई सहायता गर्नुहुन्छ ।

( उत्तरहरु: १.बेठीक, २.ठीक, ३.ठीक, ४.बेठीक, ५.परिक्षीत हुनु, पाप नगर्नु ६.ठाउँ, ७.दु:ख भोग्नु, सहयोग)

## अध्याय तीनको जाँच

१. ति कुराहरुलाई जाँच्नुहोस् कि येशूको मानविय जीवनमा उहाँले अनुभव गर्नुभएको थियो ।

............... क. सुन्दर आईमाई प्रतिको हेराईमा आनन्द हुनु

............... ख. केटी साथीसंगको शारीरिक सम्बन्ध

............... ग. यौनकृयाको बारेमा परमेश्वरको इच्छा विरुद्ध हुने परिक्षाहरु

............... घ. स्त्रीहरुलाई आदर गर्नु

२. परमेश्वरको इच्छाको आज्ञाकारीताको येशू सिद्ध कार्यका लागि परमेश्वरले हामीलाई.............दिनुहुन्छ ।

सही अथवा गलत ?
सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

३. येशूलाई परिक्षाहरुले कहिल्यै झन्झटमा पारेको थिएन ।

४. येशू कहिल्यै पनि परिक्षाहरुमा पर्नुभएन ।

५. तपाईले केवल धार्मिक थोकहरुको लागि प्रार्थना गर्नुपर्छ, यौनकृयाको बारेमा केही गर्नुपर्दैन ।

६ तपाईको यौनकृयाको व्यवहारको समस्याहरुसंग येशू तपाईको सहायक र मालिक बन्न खुशी हुनुहुनेछ ।

(आफ्नो उत्तरहरु जाँच्नको लागि पेज नं.७७ मा हेर्नुहोस्)

# अध्याय चार

## “तिनीहरु दुइ एक हुनेछ”

“लिङ्ग” भन्ने शब्दको अर्थ “पुरुष” अथवा “स्त्री” हुनसक्छ । तर “यौन” भन्ने शब्दले मानिसहरु “यौनकृया” भन्ने विचार गर्दछन् । त्यसप्रकारले परमेश्वरले हामीलाई सृजनु भयो, पुरुष अथवा स्त्री हुनुमा यौनकृयाको “योग्यता” एउटा महत्वपूर्ण भाग हो । तर सत्यता यो हो कि यौनकृयाको कार्य पुरुष अथवा स्त्री हुनुमा एउटा सानो अंश मात्र हो । वास्तवमा एउटा पुरुष अथवा एउटा स्त्री शारीरिक सम्बन्ध विना नै एउटा वास्तविक पुरुष अथवा स्त्री हुन सक्छन ।

तर परमेश्वरले पुरुष अथवा स्त्रीमा यौनकृयाको योग्यता निर्माण गर्नुभएको छ । बाइबलले यो स्पस्ट पारेको छ कि तिनीहरु वैवाहिक सम्बन्ध गाँसेर शारीरीक सम्बन्ध गाँस्न



आदम र हव्वा श्रीमान श्रीमतीको रुपमा रहनुभयो ।

सकून् भनेर परमेश्वरले यो गर्नुभयो । यो अध्यायमा बाइबलले यसबारे के भन्छ सो हेर्नेछौं:

* वैवाहिक सम्बन्धमा यौनकृयाको लागि परमेश्वरको योजना ।

* वैवाहिक सम्बन्धमा यौनकृयाको लागि सुरक्षा गर्ने परमेश्वरको इच्छा ।

बाइबलमा परमेश्वरले पुरुषहरुलाई यो उत्साह दिनुहुन्छ: “तेरो यूवावस्थाको पत्नीसित तँ आनन्दित होओ । मायालु मृगी र हरिणी झैं, त्यसकै स्तनमा तँ सन्तुष्टि बन्, तँ सधैं त्यसको प्रेममा मोहित भइरहोस् ।” (हितोपदेश ५: १७,१८) आपसमा खुशी हुन र एकअर्कासंग नजिक हुन श्रीमान श्रीमतीको यौनकृयाको कार्य परमेश्वरले सृजनुभयो । श्रीमान श्रीमतीको लागि एकअर्कालाई, “म तिमीलाई माया गर्छु” भन्नु यो एउटा शक्तिशाली तरिका हो ।

धेरै मानिसहरु यौनक्रियाको बारेमा केहि ईश्वरविहिन कुरा छ भनेर गलत विचार गर्दछन् । विवाहितहरुको लागि पनि यौन गलत हो भन्ने विचार गर्दछन् । यी मानिसहरु विचार गर्दछन् कि विवाहित जोडी बीचको यौनक्रिया सित परमेश्वर खुशी हुनुहुन्न । तर बाइबलले यस्तो भन्दैन । परमेश्वरले यो स्पस्ट पार्नु भएको छ कि उहाँको सन्देश श्रीमान श्रीमतीलाई यसप्रकार छ “लज्जालु नहोस् अथवा एकअर्काप्रति विनम्र होओ ! आनन्दको लागि यो गर !”

बाइबलले भन्छ कि परमेश्वरले प्रथम दुइ मानव आदम र हव्वालाई सृजनु भएपछि, उहाँले तिनीहरुलाई एकसाथ ल्याउनुभयो र भन्नुभयो, œफल्दै फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिदै जाओ" (उत्पति १:२८) । केहि मानिसहरुको यो सोचाई छ कि पाप संसारमा आए पछि मात्रै यौनक्रिया को कुरा संसारमा आएको हो भनेर । तर बाइबलले यो स्पस्ट पारेको छ कि परमेश्वरले जब तिनीहरुलाई सृजनुभयो र उहाँले आदम र हव्वाले यौन सम्बन्ध शुरु गरेको चाहनु भएको थियो । परमेशवरले यो कार्य गर्नुभयो ताकि यौनकृयाको आनन्दको भाग सन्तानहरु हुनु थियो । जब एउटा पुरुष र स्त्रीसंग आदम र हव्वाको जस्तै चिरस्थायी प्रिय वैवाहिक सम्बन्ध हुन्छ,

तिनीहरु यौनकृयामा आउन सक्छन् र सोच्दछ, œमलाई आशा छ हामी सन्तान जन्माऔ ।" साधारणतया जब एउटा पुरुष र स्त्री जसको विवाह भएको छैन यौनकृयामा तिनीहरु सोच्दछन्, œमलाई आशा छ हामी सन्तान जन्माउदैनौ ।"

यौन सम्बन्धको अर्थ विवाहित दम्पतीको लागि हो किनकि सन्तानहरु विवाहित दम्पतीहरु को लागि अर्थ राख्दछ ।

१. बाइबलले स्पस्ट पारेको छ कि परमेश्वरले मानिसहरुलाई...........गरेपछि मात्रै यौनकृया गरेको चाहनु हुन्छ ।

२. यौनकृया श्रीमान र श्रीमतीहरुका लागि एकअर्का संग "म.............." भन्ने एउटा तरिका हो ।

३. परमेश्वर विवाहित हरुको बीचमा मात्र यौन सम्बन्ध रहेको चाहानुहुन्छ किनकि यौनकृयाको अर्थ .................. हुनु हो ।

(तपाईको उत्तर जाँच्नको लागि पेज नं. ४१को तल हेर्नुहोस्)

बाइबलले भन्छ, «सबैका बीचमा विवाह चाँहि आदरणीय होस्, वैवाहिक सम्बन्ध नबिटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ (हिब्रू १३:४) । परमेश्वर श्रीमानहरु र श्रीमतीहरुसंग उनीहरु यौनकृयाको उपहारमा आनन्दित भएकोमा खुशी हुनुहुन्छ, र जब मानिसहरुले त्यो उपहारलाई विवाह नगरिकनै लिन्छन र दुरुपयोग गर्छन तब उहाँ क्रोधित हुनुहुन्छ । विवाह भन्दा वाहिरको यौनकृयाको बारेमा उहाँ प्रशन्न हुनुहुन्न किनकि उहाँले कहिल्यै पनि यौनकृयामा यि कुराहरु सहभागी भएको चाहनु हुन्न:

- गर्भवती हुने डर
- यौन रोगहरु प्राप्ती गर्नु, जस्तै छाला सम्बन्धी रोग अथवा एड्स
- तपाईको पति अथवा पत्नी बाहेकको व्यक्तिसंगको यौनकृया कस्तो प्रकारको थियो भन्ने सम्झना आइरहने ।

बाइबलले भन्छ, «यसैकारण मानिसले आफ्ना आमाबाबुलाई छोड्छ र आफ्नी स्वास्नीसंग मिलिरहन्छ, र तिनीहरु एउटै

शरीर हुन्छन् (उत्पति २:२४) ।” हामीले धेरै ज्यादा जीवनको समय एक्लै व्यतित गऱ्यौ । परमेश्वर त्यस्तो मन पराउनु हुन्न । उहाँ भन्नुहुन्छ,“मानिस एक्लो रहन असल छैन ।” (उत्पति २:१८) एक्लै रहने समस्याको समाधान परमेश्वरले श्रीमान श्रीमतीको लागि यौनक्रियाको सृजना गरेर दिनुभयो । यौनकृयाको कार्यले पुरुष र स्त्रीलाई “एक” बनाउछ । त्यसपछि तिनीहरु एक्लो हुदैनन् ।

४. विवाह भन्दा बाहिर रहेर यौनकृयामा सहभागी भएकोले केहि भावनाहरु छन्, एउटा भावना जसलाई परमेश्वर यौनकृयाको अंगको रुपमा मन पराउनु हुन्न । त्यसको नाम के हो:...............

५. विवाह भन्दा बाहिरको गरिएको यौनकृयाको अनुभवको ............ले विवाहित भएपछिको यौनकृयाको आनन्दको बाटोमा पर्न सक्छ ।

(तपाईको उत्तर जाँच्नको लागि पेज नं.४१मा हेर्नुहोस्)

## अध्याय चारको पूनरावलोकन

विवाहित दम्पत्तिमा परमेश्वरले यौन सम्बन्धको कार्यको उपहार दिनुभएको छ । परमेश्वरको योजनामा यौनकृयाले असल विवाह बन्नमा सहायता पुऱ्याउँछ, र विवाहले यौनकृयालाई असल बन्न सहयोग गर्छ । यौनकृया एउटा बाटो हो जसले श्रीमान र श्रीमती बीच एक आपसमा खुशी आनन्द हुन्छन् र एकअर्कालाई, “म तपाईलाई माया गर्छु”” भन्छन् । यौनकृयाको मतलब सम्भवत: केटाकेटी जन्मिनुको हो, र केटाकेटीको चाहनाको लागि तिनीहरुका आमाबुबा विवाहित हुनु आवश्यक छ । संगसंगै केटाकेटी हुर्काउने अर्को एउटा उपाय भनेको यौनक्रियाले श्रीमान श्रीमतीको नजिकपना बनाउने कुरालाई समाप्त गर्नु हो । जब मानिसहरु विवाह भन्दा बाहिर यौनकृयामा सहभागी हुन्छन परमेश्वरको योजनाको लागि असल विवाह र असल यौनकृयाको लागि परमेश्वरको योजना बिगार्दछन् । विवाहभन्दा बाहिरको यौन सम्बन्धमा डर समावेश हुन्छ । डरका कुराहरु जस्तै यौनकृया यदि रोगहरुलाई दिने अथवा प्राप्त गर्ने र गर्भवती हुने डर । यौनकृयाको अनुभव अन्त कुनै व्यक्तिसंग श्रीमान र श्रीमती परस्पर शारीरीक सम्बन्ध प्राप्त गर्न सक्छ । यौनकृयाको लागि परमेश्वरको योजना त्यो हो यसले विवाहित बनाउन दुइ मानिसहरुलाई एउटै बनाउन सहायता दिन्छ ।

( **उत्तरहरु: १.विवाहित, २.तपाईलाई माया गर्नुहुन्छ, ३.बच्चाहरु,४.डर, ५.सम्भनाहरु**)

## अध्याय चारको जाँच

१. वैवाहिक सम्बन्धको यौनकृयाबाट आउने आशिषको वर्णन गरिएका थोकहरुलाई जाँच्नुहोस् ।

............... क „म तपाईलाई माया गर्छु”” भन्न श्रीमान र श्रीमतीको लागि एउट शक्तिशाली बाटो ।

............... ख कुनै दु:ख कष्ट र डरविना आनन्दित हुनु ।

............... ग यसको परिश्रम केटाकेटीहरु हुन जसका आमाबुबाहरु एकसाथ रहन्छन ।

२. संसारमा पाप आउनु भन्दा पहिले अथवा पछि यौनकृया आएको थियो ?.............

३. परमेश्वरले श्रीमान र श्रीमती बीचको यौनकृयालाई उत्साहित अथवा निरुत्साहित पार्नु हुन्छ ?.................

४. विवाह भन्दा बाहिरको यौनकृयामा सहभागी भएकोमा डरको वर्णन गरिएको कुरा  जाँच्नुहोस्।

............... क एकअर्का संगको अंकमालमा प्रसस्त असल हुन नसक्ने डर ।

............... ख अरु प्रेमिका संगको तुलना गरिएको हुन सक्ने डर ।

............... ग यौनसम्बन्धबाट आउने विभिन्न किसिमका रोगहरुको डर ।

............... घ गर्भवती भइने डर ।

(तपाईको उत्तर जाँच्न पेज नं.७७ मा हेर्नुहोस्)



योसेफ परीक्षा बाट टाढा भाग्यो ।

# अध्याय पाँच

**जब यौन सम्बन्ध गलत हुन जान्छ ।**

जब एउटा नदी आफ्नो दुइ किनार बीच भएर बहन्छ, यो सुन्दर र उपयोगी नदी हो । जब यो नदीमा बाढी आउछ र किनारभन्दा बाहिर पानी बहन्छ, तब यसले धेरै मानिसहरुलाई हानी पुऱ्याउछ । अगेनो भित्र बलिरहेको आगोले न्यानो पार्छ र यो अनौठो प्रकारको पनि हुन्छ । जब आगो अगेनोभन्दा बाहिर हुन्छ यसको कारण नष्ट र दु:ख र मृत्यु समेत हुनसक्छ । यौनकृया पनि त्यही प्रकारको हो । परमेश्वरले यौनकृयाको लागि सिमारेखा स्थापित गर्नुभएको छ, उहाँले त्यसलाई कसैको

खुशीयालीलाई नष्ट पार्न बनाउनु भएको थिएन । ठीक यसको उल्टो परमेश्वरले यौनकृयालाई खुशी अथवा आनन्दित हुनका लागि सिमारेखा स्थापित गर्नुभएको छ, र मानिसहरु त्यो दु:ख र नोक्सानीबाट अलग रहनु भनेर नै त्यो स्थापना गर्नु भएको हो । यौनकृया एउटा शक्तिशाली कुरा हो, यसको ठूलो शक्ति संगै यो खुशी अथवा दु:खी को कारण बन्न सक्छ । यसलाई सिमाको आवश्यकता छ ।

तर मानिसहरु परमेश्वरले राख्नु भएको सिमाभन्दा बाहिर यौनकृयामा जान्छन, र तब दु:ख र नोक्सानी संग व्यवहार गर्छन । हुनसक्छ यी घटनामा तपाईलाई पनि परेको छ । यसलाई राम्री बुझ्नुहोस्: परमेश्वरले कहिल्यै पनि तपाईलाई त्याग्नु हुन्न, अथवा छोड्नु हुन्न तपाई यसलाई एक्लै व्यवहार गर्नुहुन्छ । बाइबलमा परमेश्वर भन्नुहुन्छ, “र सङ्कष्टको दिनमा मलाई पुकार, र म तँलाई छ"टाउनेछ", र तैले मेरो महिमा गर्नेछस् ।” (भजनसंग्र ५०:१५)

यो अध्यायमा हामी हेर्नेछौं:

* तपाईको हृदयमा कसरी समस्या शुरु हुन्छ ।

* केहि कुरामा परमेश्वरले हामीहरुलाई अलग रहनु भन्नुभएको छ, उहाँले यो किन भन्नुभयो

* कसरी समस्याको सामधान गर्ने, यसलाई येशू कहाँ फर्कीनु ।

बाइबलमा येशूले भन्नुभएको छ, “तिमीहरुले यसो भनेको सुनेकाछौ, तैले व्यभिचार नगर । तर म तिमीहरुलाई भन्छु”, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससंग व्यभिचार गरिसकेको हुन्छ ।” (मत्ती ५:२७,२८) ध्यान दिनुहोस् येशूले मानिसहरुलाई यस्तो भन्नुभएको छैन, “आईमाई मान्छेलाई नहेर्नु भनेर ।” एउटा पुरुषले आईमाईलाई हेर्न सक्छ । (एउटा आईमाईले पुरुषलाई पनि हेर्न सक्छन्) र कुनै पनि पापी दृष्टि विना शुद्ध हेराईमा खुशी हुन सक्छन । एकअर्को प्रति खुशी आनन्द हुनुमा र असल हेराईको लागि ! धन्यवादी हुनमा कुनै गल्ती छैन । समस्या तब आउछ जब तपाईले येशूले भन्नुभएको जस्तै “गलत दृष्टीकोणले” हेर्नुहुन्छ ।

तपाईले हेरेर मात्र गल्ती गर्नु हुन्न तर तपाई सोचेर पनि गल्ती गर्नुहुन्छ, “ओहो ! यस्तो भएको भए हुने थियो............।” र त्सपछि तपाई अको व्यक्तिसंग यौनकृयाको सोचाईमा घु'म्नुहुन्छ । येशू तपाईलाई भनि रहनुभएको छ तपाईले विवाह गर्नुभएको छैन र यो तपाईले यौनकृया सम्बन्धी सोचाई राख्नु तपाईको कार्य हुदैन । यो एउटा कुराको लागि खतरापूर्ण छः सोचाईले कार्य जन्मिन्छ । त्यो बाहेक, परमेश्वर तपाईको आचरण संगमात्र रुचि राख्नु हुन्नः परमेश्वर तपाईको विचार र भावनाहरु उहाँसंग सम्बन्धीत भएको र उहाँको पवित्र आत्माद्वारा निर्देशित भएको चाहनुहुन्छ । तपाई विचार गर्न सक्नुहुन्छ तपाई सही आचरणद्वारा सबै कुरा गरिरहनु भएको छ । तर यदि तपाई आफ्नो मन र हृदयबाट

परमेश्वरलाई टाढा राख्ने कोशिष गरिरहनुभएको छ भने तपाई संङ्कष्टमा हुनुहुन्छ ।

१. मत्ती ५:२७,२८ मा येशूले भन्नुभएको छ जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै......... ..........मा त्यससंग व्यभिचार गरिसकेको हुन्छ ।

२. पापपूर्ण विचारले पापपूर्ण ..........को नेतृत्व गर्न सक्छ ।

३. परमेश्वर तपाईको आचरणलाई निर्देशन गर्न मात्र चाहनु हुन्न, उहाँ तपाईको .............र तपाईको .................लाई निर्देशन गर्न चाहनु हुन्छ ।

(तपाईको उत्तर जाँच्न पेज नं.५५ को तल हेर्नुहोस्)

अश्लील दृष्य एउटा कुरा हो तपाई यसबाट टाढा रहनुहुन्छ । यसले परमेश्वले तपाईलाई नदिएको संग यौनकृया गर्ने विचार उत्पन्न गराउछ । यसले तपाईको इच्छालाई कमजोर पारेर परमेश्वरको आज्ञाकारीता बाट टाढा लैजान्छ । यसले परिक्षा ल्याउछ एउटा विवाहित व्यक्तिको लागि, यसले स्वास्नी र लोग्ने बीच ठूलो समस्या खडा गर्छ । ति मानिसहरु जुनहरुलाई तपाईले त्यो फोहरी, पापपूर्ण तस्विरमा तपाईले हेर्नुभएको थियो त्यो जस्तै हेर्नमा तपाई आफ्नो श्रीमान अथवा श्रीमतीलाई चाहन तपाई पहल गर्न सक्नुहुन्छ । ति मानिसहरु जुनहरुलाई तपाईले त्यो फोहरी, पापपूर्ण तस्विरमा जे गरेका थिए त्यो जस्तै गर्न तपाई आफ्नो श्रीमान अथवा श्रीमतीलाई चाहन तपाई

शुरु गर्नुहुन्छ त्यसपछि यदि तपाईको श्रीमान अथवा श्रीमती हेर्नमा तपाईले तस्विर हेरे जस्तै सुन्दर छैनन् भने त्यपछि तपाई आफ्नो अन्य पुरुष अथवा स्त्रीको खोजी कार्यको लागि परिक्षित हुनुहुनेछ । अश्लील दृष्यले आनन्द दिने प्रतिज्ञा गर्छ, तर जटिल समस्या ल्याउछ ।

तपाईको विवाह नहुँदा सम्म परमेश्वरले तपाईलाई कसैसंग पनि यौनक्रिया गर्न बाटा टाढा रहन चेतावनी दिनुहुन्छ । बाइबलले भन्छ, "सबैका बीचमा विवाह चाँहि आदरणीय होस्, वैवाहिक सम्बन्ध नविटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ ।" (हिब्रू१३:४) परमेश्वरले तपाईसंग यहाँ फेरि, परमेश्वर तपाईसंग खुशी अथवा आनन्द भएको चाहनु हुन्छ, न कि दु:ख र पिडा । वैवाहिक सम्बन्ध भन्दा बाहिर यौनक्रिया परमेश्वरले यसको कारण दिनुभएको छ ।

- दु:ख कष्ट प्राप्त हुने डर (एउटा विवहित दम्पतिले साधारणतया यस्तो खुशी र आनन्द गर्न सक्छ ।

- अभिनय गर्नको लागि दबाव त्यसकारण अर्को व्यक्तिको अभिरुचिलाई गुमाउने र छोड्ने छैन ।

- यौनसम्पर्कबाट प्राप्त हुने रोगहरु जोसंग यौनक्रिया हुन्छ रोग सर्ने मौका हुन्छ ।

- गर्भवती भइने अवसर (असुरक्षित अस्थायी परिवार, अथवा सबभन्दा खराब अवस्थामा अर्को बच्चा

जन्मिने अवस्था, तपाईले गर्भपतन गरेर बच्चाको जीवन अन्त गर्न सक्ने परिक्षामा पर्न सक्नुहुन्छ ।)

बालदुराचार स्पष्टतया एउटा पाप हो । एउटा बालक यूवकसंग कहिल्यै पनि यौनक्रियाको सम्बन्धमा बराबर सहभागी हुन सक्दैन । यो दुराचार हो, प्रेम होईन यसले केटाकेटीहरु डराउने र अलमल्लमा पर्ने हुन्छन् । र जब तिनीहरु ठूला हुन्छन् यसबाट गलत समस्याको नेतृत्व हुन्छ । उदाहरणको लागि, धेरै जसो मानिसहरु लाज र अलमल्लको कारण लागुऔसत र प्रयोग गर्ने दुर्व्यसनी हुन्छन त्यो कुरा तिनीहरु यौनदुराचारी भएकै कारण हो । (यो कुरा तपाईमा पनि घटेको हुनसक्छ जब तपाई जवान हुनुहुन्थ्यो । यदि त्यसो हो भने यो तपाईको दोष होईन । तपाई यसको बारेमा कुराकानी गर्न कसैलाई खोज्नुहोस, । त्यो गोपनियातालाई तपाईको वरिपरी लैजान रोक्न आवश्यक छ र यसले तपाईलाई बिरामी पार्न बाट टाढा राख्नुहोस् ।

परमेश्वरले मानिसहरुलाई पुरुष पुरुष बीच हुने यौनक्रियाबाट अलग हुन चाहनु भएको छ र स्त्री स्त्री बीच हुने यौनक्रियाबाट अलग रहन चाहनु भएको छ । बाइबलमा समलिङ्गी यौनकार्यलाई निम्न कुराहरुसंग सुचित गर्नुभएको छ, मूर्तिपूजाहरु, व्यभिचारीहरु, समलिङ्गीहरु, पुरुष गामीहरु, चोरहरु, लुटाहाहरु यी सबै पाप हुन् ति सबै पाप येशूको रगतद्वारा शुद्ध पारिनु आवश्यक छ (हेनुहोस् १कोरिन्थी ६:९..११) यहाँ एक पटक फेरि, परमेश्वर

हामीलाई दु:ख र पिडाको जीवनको सट्टा खुशी र आनन्द को जीवन दिन कोशिष गरिरहनु भएको छ ।

- समलीङ्गी पुरुष र स्त्रीको कार्यहरुबाट
- पुरुष र स्त्री बीचको प्रेम सम्बन्धलाई पूर्णतया टाढा राख्छ
- केटाकेटी जन्माएर र परिवार स्थापना गर्ने खुशीयालीको परिणाम कहिल्यै पनि हुदैन
- पुरुष अथवा स्त्रीको जीवनको बारेमा मानिसहरुलाई अलमल्ल पार्दछ ।

४. अश्लील दृष्य हेर्नाले तपाईलाई त्यस्तो प्रकारको यौनक्रियाको बारेमा .............लगाउछ जो तपाईको लागि पाप हो ।

५. अश्लीलताले आनन्द दिने प्रतिज्ञा गर्छ, तर यसले............ल्याउछ ।

६. विवाह भन्दा बाहिरको यौनक्रियामा खुशी र आनन्द भन्दा..........समावेश हुन्छ ।

७. बालदुराचार एउटा............हो प्रेम होईन ।

८. समलीङ्गी क्रियाकलापबाट मानिसहरु पुरुष र स्त्रीको प्रेमीलो सम्बन्ध को ................ बन्चित हुन्छन्

(पेज नं. ५५को तल तपाईका उत्तरहरु हेर्नुहोस् ।)

यि सबै यौनक्रियात्मक क्रियाकलापहरु परमेश्वरले राख्नु भएको सिमारेखा भन्दा बाहिरका छन् । यद्यपी तिनीहरु ठीक देखिएता पनि, बाइबलमा परमेश्वरले हामीलाई तिनीहरुबाट हाम्रो आफ्नो सुरक्षाको लागि टाढा रहन चेतावनी दिनु हुन्छ । उहाँ एक हुनुहुन्छ जसले यौन सम्बन्धको कार्य सृजनु भयो । परमेश्वर यौनक्रिया सम्बन्धी सिमारेखा बारे निरक्षण गर्ने एक हुनुहुन्छ । तर मानिसहरु परमेश्वरको सिमारेखा भन्दा बाहिर कदम चाल्छन् । हुनसक्छ तपाईसंग, तपाईले नयाँ सम्झना, नयाँ आचरण र नयाँ दोष लिनुभयो र यस्तो लाग्छ कि परमेश्वरसंगको सम्बन्धको मार्गमा यि सबै भावनाहरु प्राप्त भइरहेका हुन्छन् । हुनसक्छ पावल प्रेरितले लेखे महसुस गरे त्यस्तै प्रकार तपाई पनि त्यसमा महसुस गर्नुहुन्छ उनले लेखे "हाय, म कस्तो दु:खी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ?" (रोमी ७:२४) तर पावल निराश भएन । नत तपाईले हुनुपर्छ । पावल आफ्नो प्रश्नको उत्तर दिन्छन्, "येशू ख्रीष्टद्वारा नै परमेश्वरलाई धन्यवाद होस् ।" (रोमी ७:२५)

हामीलाई खराब आचरण र पापपूर्ण विचारहरुको शक्तिबाट स्वतन्त्र पार्ने परमेश्वरको तरिकाले साधारणतया यो भनिरहेको छैन, "कठोर मिहेनत गरेर मेरो आज्ञा पालन गर्ने कोशिष गर !" उहाँको तरिका हामीलाई पवित्र आत्मा दिनु हो । येशूमा विश्वास गर्नेहरु प्रत्येकको हृदयमा पवित्र आत्मा वास गर्नुहुन्छ । पवित्र आत्मा विना तपाईसँग कुनै अभिरुचि हुँदैन तर पाप नै गरिरहनु हुन्छ । तर अब



येशूले पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभयो ।

तपाईको जीवनमा नयाँ शक्ति छ, शक्तिले पाप नगर्नलाई भन्छ । बाइबलमा प्रेरित पावल भन्छन, “पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ” (रोमी ८:२)

तपाईका पापका समस्या येशू कहाँ ल्याउनुहोस् । येशूले उहाँको मृत्युद्वारा तपाईका पापका दोषहरुलाई हटाउनु हुनेछ । उहाँको र पवित्र आत्माद्वारा दिएर तपाईको पापको शक्ति जो तपाईको जीवनमा बढी रहेछ उहाँले हटाउनुहुनेछ ।

९. पापको शक्तिबाट हामीलाई स्वतन्त्र गर्न परमेश्वरको तरिका यो होइन कठोर परिश्रम गरेर व्यवस्था ..............गर्नु भन्ने होइन ।

१०. परमेश्वरको हामीलाई पापको शक्तिबाट स्वतन्त्र पार्ने तरिका हामीलाई..............दिएर हो ।

११. येशूले तपाईका पापका दोषहरुलाई उहाँको ............. को ............. द्वारा हटाउनु भएको छ ।

(पेज नं ५५ को तल आफ्नो उत्तर जाँच्नुहोस् ।)

## अध्याय पाँचको पुनरावलोकन

परमेश्वरले यौन कृयालाई ठूलो शक्तिसाथ सृजनुभयो र उहाँले त्यो शक्तिले मानिसहरुको जीवनमा खुशी र आनन्द ल्याउन चाहनुभयो न कि दु:ख पीडा । त्यसकारणले

उहाँले यौनकृयाको लागि सिमा रेखा राख्नुभयो । परमेश्वरले तपाईको भावनाहरु र विचारहरुका प्रभु हुन चाहनु भएको छ न कि तपाई यौनकृयाको बारेमा के गर्दै हुनुहुन्छ अथवा कसरी व्यवहार गर्नुहुन्छ । आश्लिलता खराब कुरा हो यसले तपाईलाई कमजोर तुल्याउँछ र तपाईको हृदय र मानिसहरुमा जटिल समस्या ल्याउँछ । विवाह भन्दा बाहिरको यौनकृया खराब हो किनभने यसमा डर समावेश हुन्छ(दु:ख कष्ट आउने) बरु त्यो भन्दा परमेश्वरले चाहनु भएको यौनकृयाको खुशी जो सबैको बारेमा हुनेछ । बालदुराचारले केटाकेटीलाई अल्लमल्लमा पर्ने र डराउने गर्छन र यसले एउटा दुर्व्यसनी जस्तै अपराधिक आचरणतिर नेतृत्व गर्छन । समलिङ्गी कामुकताको गतिविधिले पुरुष अथवा स्त्रीको जीवन कष्टदायी बनाउँछ र पुरुष-स्त्रीको प्रेमको सम्बन्धलाई पूर्णतया टाढा राख्छ । जब परमेश्वरले यौनको लागि बनाएको पर्खाललाई पार गर्छन र तिनीहरु फिर्ता आउने बाटो देख्दैनन् । परमेश्वरको समाधान येशूको क्रूसको मृत्युद्वारा तिनीहरुलाई क्षमा गर्नु र पवित्र आत्माद्वारा तिनीहरुलाई परिवर्तन हुने शक्ति दिनु हो ।

(उत्तरहरु: १.उहाँको हृदय, २.कार्यहरु, ३. विचारहरु, सोचाईहरु, ४.विचार गर्नु, ५.रहस्य, ६.डर, ७.दुर्व्यवहार, ८.पुऱ्याउन, ९. आज्ञाकारिता, १०. पवित्र आत्मा, ११. मृत्यु, क्रूस)

## अध्याय पाँचको जाँच

१. अश्लील दृष्य तिरस्कार गर्ने कारण जाँच्नुहोस् ।

.... यौनकृया सधैं पापपूर्ण हो ।

.... अश्लील दृष्य हेर्दा पापपूर्ण यौन जन्य कियाकलापलाई त्याग्ने तपाईको इच्छा कमजोर बनाउछ ।

.... अश्लीलताले तपाईको यौन जन्य जीवनमा अनर्थ आशा दिनसक्छ ।

.... अविवाहित भएर कसैसँग यौन समर्पक गर्न सोच्नु गलत हो ।

२.विवाहित भन्दा बाहिर यौनकृयाको खतरालाई जाँच्नुहोस् ।

.... अभिनय गर्न दबाव

.... यौनकियाले रोगहरु लाग्छ

.... धेरै आनन्द प्राप्त हुन्छ

.... गर्भपतन गराउने परिक्षा पर्छ

३. सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

जवानहरुले केटाकेटी सँग यौनकृया गर्नु एउटा निन्दनीय कार्य हो ।

बालकपनको यौनकृयाको दुरुपयोगले कहिले काँही अपराधिक आचरण र दुर्व्यसनी तर्फ डोऱ्याउँछ ।

बाइबलले समलिङ्गीको कार्यको बारेमा कुनै कुरा भन्दैन ।

समलिङ्गी अथवा समलिङ्गी कृयाकलापमा सहभागि मानिसहरुलाई तिनीहरुको पुरुषत्व र नारीत्वको बारेमा अलमल्ल बनाउन सक्छ ।

४. यौनकृयाको सिमारेखा भित्र रहन परमेश्वरले तपाईलाई सहायता गर्नु हुन्छ भन्ने कुरा जाँच्नुहोस् ।

.... उहाँले तपाईलाई येशूको क्रूसको मृत्युद्वारा क्षमा प्रदान गर्नुहुन्छ ।

.... यदि तपाईले आज्ञापालन गर्न कठोर परिश्रम गर्नु भएन भने उहाँले तपाईलाई नरक पठाउन धम्कि दिनुहुन्छ ।

.... उहाँले तपाईको हृदयमा पवित्र आत्मा राखि दिनु हुन्छ ।

.... यदि तपाई पाप गरिरहनु भएको छ भने उहाँको क्षमादान तपाईबाट बाहिरिनेछ भनेर परमेश्वर तपाईलाई चेतावनी दिइरहनु भएको छ ।

.... तपाईको जस्तो सुकै पापपूर्ण विचार र आचरण भए पनि उहाँले तपाईलाई प्रेम गर्ने प्रतिज्ञा गर्नु हुन्छ ।

.... उहाँले तपाईलाई पवित्र आत्माको शक्ति दिएर पाप गर्न बाट बचाउनु हुन्छ ।

(पेज नं.७७ मा हेरेर तपाईको उत्तरहरु जाँच्नुहोस् ।

# अध्याय छ

## “प्रत्येक कुरा परमेश्वरको महिमाको लागि गर्नुहोस्”

हुनसक्छ तपाई सोचिरहनु भएको छ, “मेरो यौन जन्य जीवन एउटा अपवित्र फोहोरी छ । म कामुकतालाई रोक्न सक्दैन । म अश्लीलता बाट टाढा रहन सक्दैन । म मेरो समलिङ्गी भावना मुक्त हुन सक्दैन । परमेश्वरले नचाहनु भएको कुराहरुको बारेमा म सोचिरहेको छु । म पापपूर्ण यौनकृया बाट टाढा रहेको देखिएको छैन । म ठान्दछु म आशा रहित छु ।”



येशूले उहाँका चेलाहरुलाई पवित्रआत्मा पठाउनुभयो

सायद, तपाईको यौन जन्य जीवन, र तपाईको जीवन सायद आशा रहित छ—यदि तपाई यो आशा गरिरहनु भएको छ कि कुनै किसिमले तपाईले त्यो यौन जन्य जीवनलाई आफै योग्य तुल्याउन गईरहनु भएको छ । तर तपाईले आशा गरेको ठाँउ गलत छ । बाइबलमा प्रेरित पावल भन्छन, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:१३) । जस्तै तपाईको हृदयमा पवित्र आत्माले काम गर्नुहुन्छ र येशूमा बृद्धि हुनको लागि तपाई भरोसा गर्नुहुन्छ, तपाई स्वयम आफूलाई अत्याधिक भन्दा अत्याधिक खुशी तपाईको पुरुषत्व अथवा नारीत्वको योग्यताको खुशीको लागि र त्यही समयमा परमेश्वरको प्रेमिलो उपस्थितिको खुशीमा हुनुहुनेछ । जब तपाईको यौनक्रियाको मालिक येशू हुनुहुन्छ, तपाईले पत्ता लगाउनु हुनेछ कि तपाई यसको मालिक बन्ने कोशिष गरिरहनु भएको बेला भन्दा पनि त्यो एउटा वास्तविक धेरै नै आनन्द योग्य येशूको हुन्छ

जब हामी बाइबलले कामुकताको बारेमा भन्छ भन्ने बारेमा हाम्रो हेराई समाप्त गर्नेछौं, अब हामी त्यो कुरा हेर्नेछौ :

* यद्यपि तपाईले सकरात्मक, ईश्वरीय परिवर्तन तपाईको यौन जन्य जीवन देख्नु भन्दा पहिले तपाईसँग येशूमा परमेश्वरको प्रेम र स्वीकार्यतता छ ।

* येशूबाट तपाईको यौन जन्य जीवन परिवर्तन गर्ने शक्ति आउँछ न कि तपाई स्वयम बाट ।

* तपाई जुन अवस्थामा हुनुहुन्छ यसको कुनै मतलव छैन, तपाई आफ्नो पुरुषत्व अथवा नारीत्वलाई परमेश्वरको महिमाको लागि प्रयोग गर्न सक्नुहुन्न्छ ।

धेरै जसो धार्मिक मानिसहरु जुनहरु येशू प्रति हेरी राखेका थिए र चिन्तित थिए । कि त्यस समयमा वास्तविकता यो थियो कि वेश्याहरु डाँकूँहरु र अरु अनैतिक मानिसहरुसँग उहाँ संगै हुनुहुन्थ्यो । तिनीहरु विचार गर्दथे कि परमेश्वरले अनैतिक मानिसहरुलाई इन्कार गर्नुहुन्छ भनेर, र त्यसकारण एउटा परमेश्वरको मानिसले पनि तिनीहरुलाई इन्कार गर्नु पर्छ । तर येशूले ती धार्मिक व्यक्तिहरुलाई यी कुराहरु भन्नु भएको थियो जस्तै, "किनकि म धर्मीलाई होइन, तर पापीहरुलाई बोलाउन आएँ । (मत्ती ९:१३)

येशूले तिनीहरुलाई प्रेम गर्नुभयो, तिनीहरुलाई स्वीकार गर्नुभयो, र तिनीहरुसँग भएर खुशी हुनु भयो । येशूले तपाईलाई प्रेम र स्वीकार गर्नु हुन्छ, र तपाईसँग भएर खुशी हुनुहुन्छ । तपाई आफैलाई जस्तो सुकै नराम्रो सोचे तापनि तपाई त्यति नराम्रो हुनुहुन्न कि येशूले तपाईलाई अस्वीकार गर्नुहुन्छ । तपाईसँग जस्तो प्रकारका पाप भए पनि यसमा केही छैन जब तपाई येशू कहाँ आउनु हुन्छ, उहाँले तपाईलाई स्वागत गर्नुहुन्छ ।

र येशूको क्रूसको मृत्युमा तपाईका पापका दोषहरु हटाईएको छ । बाइबलले भन्छ, "उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" (१ यूहन्ना


१:७) धेरैजसो मानिसहरु भन्छन कि यौनकृयाको पाप अरु पाप भन्दा खराब हो, कोही मानिसहरुले भन्लान, उदाहरणको लागि, यदि तपाईले समलिङ्गी कुराहरु गर्नुभयो भन्ने तपाईलाई क्षमा नहुन सक्छ, तर बाइबलले त्यस्तो प्रकारको कुनै कुरा पनि भन्दैन । बाइबलले भन्छ कि येशूको क्रूसको मृत्युबाट सबै प्रकारका दोषहरु हटाईएका छन, तपाई जस्तो सुकै प्रकारको पाप गर्नु भएको छ यसको केही मतलव छैन । किनकि येशूको रगतमा परमेश्वरले ती व्यक्तिहरुलाई प्रेम पूर्वक हेर्नु हुन्छ जुनहरु वर्षो देखि यौन जन्य पापमा छन साथै त्यही प्रेममा व्यक्तिहरुलाई पनि हेर्नु हुन्छ जुनहरु वर्षो देखि मण्डलीमा गईरहेकाछन ठीक तरिकाले जीवन जिईरहेका छन । जब उहाँले तपाईलाई हेर्नुहुन्छ, उहाँ कसैलाई उहाँको घरमा उहाँसँग सधैं भरि रहिरहन चाहनु हुन्छ ।

१. धेरैजसो धार्मिक मानिसहरु जुनहरु येशूलाई हेरि राखेका थिए तिनीहरु चिन्तित थिए वास्तविकता त्यो थियो कि उहाँ..........र...........संग हुन मन पराउनु हुन्थ्यो ।

२. मत्ती ९:१३ मा येशूले भन्नुभयो, “किनकि म.........................बोलाउन आएँ ।

३. १यूहन्ना १:७ मा बाइबल भन्छ कि, “उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट............।”

(तपाईका उत्तरहरु जाँच्न पेज नं.७० को तल हेर्नुहोस्)



येशू हाम्रा सबै पापहरुको लागि क्रूसमा मर्नुभयो ।

तर तपाई सोचिरहनु हुनेछ, “म त अहिले स्वर्गमा छैन । जब सम्म म जिउँदो अर्थात जीवित छु तब कसरी म ति उस्तै प्रकारका पापलाई रोक्न सक्छु ? हामी ख्रीष्टियानहरु कहिले काँही त्यो कुरा बिर्सन्छौ कि परमेश्वरले हामीलाई क्षमा र मुक्ति मात्र दिनुहुन्न उहाँले हामीलाई आफैलाई दिनुभयो । बाइबलले भन्छ, “यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पाप स्वभावमा होईन तर पवित्र आत्मा हुन्छौ । तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुदै होईन । यदि ख्रीष्ट तिमीहरुमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरुका शरीर मरेका भएता पनि तिमीहरुका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् ।”(रोमी ८:९-१०) नयाँ जिवन जिउनको लागि शक्ति तपाईबाट आउन सक्दैन: यो परमेश्वरबाट तपाईमा रहन (जिउन) आउनु हुन्छ । तपाई यस्तो प्रकारले अनुभव गरि रहन सक्नु हुन्छ कि तपाई आफ्नो कामुकता र यौनक्रिया प्रतिको इच्छालाई नियन्त्रण गर्न सक्नुहुन्छ । त्यो ठीकै हो, तपाई ठीक हुनुहुन्छ । तर येशूले ति कुराहरुलाई नियन्त्रण गर्न सक्नुहुन्छ । उहाँलाई नियन्त्रण गर्न दिनुहोस् । उहाँसंग कुरा गर्नहोस्, उहाँतिर त्यो कुरा पुऱ्याउनुहोस् । तर जब उहाँ यस पृथ्वीमा हुनु हुन्थ्यो उहाँले आफ्नो कामवासनालाई व्यवस्थित गर्नुभयो र अहिले उहाँ तपाईको प्रवन्ध गर्न सक्नुहुन्छ ।

राम्रो बन्नलाई यो साधारण उपाय होईन । तमाम गल्ती र परिक्षाहरुमा येशूलाई मालिक हुन दिन सिक्ने कुरामा

धेरै त्रुटि र परिक्षाहरु समावेश हुन्छन् । विजयता प्राप्तिको लागि तपाईसंग विध्नबाधाहरु हुन सक्छन् । चिन्ता

नलिनुहोस् । यर्थातता यो हो, पाप तपाईमा छ भन्दैमा यसको अर्थ परमेश्वरले छोड्नु भयो भन्ने होईन । येशूले भन्नुभयो, "हेर म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु ।" (मत्ती २८:२०)

४. परमेश्वरले हामीलाई केवल क्षमा र मुक्ति मात्रै दिनु हुन्न, उहाँले हामीलाई...........दिनुहुन्छ ।

५. तपाईले आफ्नो कामुकतालाई आफै नियन्त्रण गर्नुको सट्टा, ..........लाई नियन्त्रण गर्न दिन आवश्यक छ ।

६. यद्यपि यदि तपाईको खीष्टियान जीवनमा केही अवरोधहरु छन् भने, येशूले मत्ती २८:२० मा प्रतिज्ञा गर्नुभएको छ कि "उहाँ युगको अन्त्यसम्म सधै .......... .......... हुनुहुन्छ ।"

(तपाईका उत्तरहरु पे. नं.७० मा हेर्नुहोस्)

हुनसक्छ तपाई यस्तो पनि विचार गर्नुहुन्छ, "मेरो परमेश्वरसंगको जीवन र मेरो यौनजन्य जीवन पूर्णतया फरक कुरा हुन् ।" यो सोचाई गलत हो । बाइबलले भन्छ, "यसकारण चाहे तिमीहरु खाओ, अथवा पिओ वा तिमीहरु जे सुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर ।"(१कोरिन्थी १०:३१) जस्तो तपाईले येशू तपाईको मालिक हुन देओ भन्ने कुरा सिक्नुभयो अब तपाई

तपाईको पुरुषत्व अथवा नारित्वलाई परमेश्वर को महिमाको लागि प्रयोग गर्न सक्नुहुन्छ ।

विवाहित ख्रीष्टियानहरुले तिनीहरुको आफ्नो श्रीमान अथवा श्रीमतीलाई प्रेम गर्न सक्छ, र त्यो परमेश्वरको महिमाको लागि हुनसक्छ । एउटा विश्वासी विवाहित नभएको कारणले जसलाई प्रेम गर्ने मौका हुदैन अझै पनि उसको कामुकताबाट परमेश्वरको महिमा गर्न सक्छ । येशूले कहिल्यै पनि यौनक्रियामा रहनु भएन, तर उहाँ एउटा वास्तविक मानव हुनबाट रोकिनु भएन र पुरुष र आईमाई दुवैलाई साथी र अनुयायी बनाउन सहायता पुग्यो । पुरुष मान्छेलाई अर्को पुरुष मान्छेको आवश्यकता पर्छ तिनीहरु सम्बन्ध गाँस्न सक्छन र एक आपसमा हेर्न सक्छन् । स्त्रीलाई अर्को स्त्रीको आवश्यकता पर्छ तिनीहरु सम्बन्ध गाँस्न सक्छन् । र एक आपसमा हेर्न सक्छन् । त्यसप्रकार कसैको लागि तपाईले आफ्नो पुरुषत्व र नारीत्वको योग्यतालाई काममा लगाउन सक्नुहुन्छ ।

अविवाहित हुनु पनि  आशिषित हो । कसरी अविवाहित हुने कुराले परमेश्वरले दिएको सेवकाईमा पावललाई बढी केन्द्रित हुन साहयता गर्दछ भन्ने बारेमा कुरा गर्दछन् । यदि तपाई प्रेम गर्ने व्यक्ति कोही छैन भनेर निराश हुनुहुन्छ भने, प्रेरित पावलले जे गरे तपाई पनि त्यस्तै गर्नु आवश्यक छ । तपाईले तपाईको अविवाहित रहने वरदान  लिनु पर्छ र यसलाई परमेश्वरतर्फ फर्काउनुपर्छ ।

परमेश्वरले आफ्नो महिमाको लागि तपाईको अविवाहितजीवनलाई के चाहनु भएको छ, तपाईले हेर्नु आवश्यक छ । इश्वरीय कामवासना यूक्त जीवन जिउन कठोर परिश्रम गर्ने कार्यले काम गर्दैन । जब तपाई असफल हुनुहुन्छ तब आफैले आफैलाई घृणा गरेर, र सर्माउने कुराले पनि काम गर्दैन । बरु येशूको प्रेमलाई तपाईमा आउन दिनुहोस् र येशूलाई तपाईको जीवनको प्रभु हुन दिनुहोस् यसो गरेमा यसले कार्य गर्दछ तपाई जस्तो सुकै अवस्थामा भए पनि  उहाँले तपाईलाई अहिल्यै नै, स्वीकार्नुहुन्छ । उहाँ मात्र एक हुनुहुन्छ जसले पुरुषत्व र नारीत्वलाई सृजनु भयो, एउटा वास्तविक पुरुष अथवा एउटा वास्तविक नारीको आनन्द हुने खोजीको अभियानमा तपाईलाई नेतृत्व दिन उहाँलाई निम्त्याउनु होस् ।

७. जब श्रीमान र श्रीमती प्रेम गर्छन, त्यो प्रेम गराईमा परमेश्वरको ............हुनसक्छ ।

८. एउटा पुरुषलाई अर्को...........को आवश्यकता पर्छ र तिनीहरु सम्बन्धीत हुन्छन र एक अर्कोलाई हेर्छन् । एक स्त्रीलाई अर्को..........को आवश्यकता पर्छ र तिनीहरु सम्बन्धीत हुन्छन र एक अर्कोलाई हेर्छन् ।

९. बाइबलमा पावलले अविवाहित जीवनमा रहेर कसरी उनको.........लाई सहायता पुग्यो भन्ने बारे केन्द्रित गरेका छन् ।

(तपाईको उत्तर जाँच्न पेज नं.७० को तल हेर्नुहोस्)

## अध्याय ६ को पूनरावलोकन

यद्यपि यदि तपाईको यौनजन्य जीवन एउटा आशा हिन जटिल जस्तै देखिन्छ भने, तपाई निश्चयनै जान्नु हुन्छ कि परमेश्वर तपाईलाई प्रेम गर्नुहुन्छ र स्वीकार गर्नुहुन्छ । त्यहाँ कुनै पनि व्यक्ति छैन जो पापपूर्ण नभएको जसलाई परमेश्वरले प्रेम गर्नु हुन्छ र स्वीकार्नु हुन्छ । जब येशू क्रूसमा मर्नुभयो उहाँले तपाईका सम्पूर्ण अपराध (दोषहरु) सम्पूर्ण पापलाई उठाई लैजानुभयो ।

परमेश्वरले तपाईलाई क्षमादान मात्र दिनुभएन, उहाँले स्वयम आफैलाई दिनुभयो । उहाँलाई विश्वास गर्नेहरुका हृदयमा परमेश्वर वास गर्नु हुन्छ । तिनीहरु आफै मालिक बन्न र आफ्नो समस्याहरुलाई ठीक पार्ने कोशिष गर्नुको सट्टा परमेश्वरलाई तिनीहरुका जीवनको मालिक हुन दिन खीष्टियानहरु सिक्छन ।

जब परमेश्वर मालिक हुनुहुन्छ तपाईको यौनक्रिया एउटा असल कुरा हुन्छ । यसले मानिसहरुलाई परमेश्वर कति असल हुनुहुन्छ भनेर देखाउन सहायता गर्नसक्छ । जब खीष्टियान श्रीमान र श्रीमतीमा प्रेम बन्छ र जब खीष्टियान पुरुषले अर्को पुरुषलाई तिनीहरुको जीवनमा सहयोग गर्छ तब त्यो कुरा हुन आउछ । जब अविवाहित पुरुष र स्त्रीले परमेश्वरले तिनीहरुलाई दिनुभएको कार्यमा केन्द्रित हुन अविवाहित रहने निश्चयता गर्दछन् तब यस्तो हुन्छ । जुनसुकै समयमा तपाई आफ्नो जीवन परमेश्वरको क्षमादानमा जिउनु हुन्छ र यो भरोसा राख्दै कि परमेश्वर

तपाईसंग हुनुहुन्छ, परमेश्वर कति असल हुनुहुन्छ भनेर देखाउन तपाई मानिसहरुलाई सहायता गर्न गइरहनु हुन्छ ।

( उत्तरहरु: १.व्यभिचारी, ठगहरु, २.पापीहरु, ३. शुद्ध ४. स्वयम आफैलाई ५. येशू ६. तिनीहरुको साथमा ७.महिमा, ८.पुरुष, स्त्री, ९.सेवकाई)

## अध्याय ६ को जाँच

१. यदि ........जे कुरा विग्रेको छ त्यसलाई ठीक पार्न योग्य हुनुहुनेछ भनि आशा गरिरहनु भएको छ भने तपाईको यौनजन्य जीवन र बाँकी जीवन आशा रहित छ ।

२. फिलिपी ४: १३ मा पावलले भनिएका छन कि "........मलााई शक्ति दिनु हुन्छ ", उहाँमा नै म सब कुरा गर्न सक्छु ।

३. सही अथवा गलत ? सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

अ. येशूले पापपूर्ण मानिसहरु र अनैतिक मानिसहरुलाई त्याग्नु भयो र इन्कार गर्नुभयो ।

आ. केहि मानिसहरु यति खराब तरिकाले बिग्रेका छन् कि येशूले तिनीहरुलाई क्षमा दिन सक्नु हुन्न ।

इ. जब येशूले तपाईलाई हेर्नुहुन्छ उहाँले कसैलाई उहाँको परिवारमा सधैको लागि बस्ने इच्छा गरेको देख्नुहुन्छ ।

ई. जब तपाई बिग्रीनु भएको हुन्छ जस्तो तपाई ठीक जिईरहेको हुन्छ अर्थात जुनसुकै अवस्थामा पनि येशू तपाईलाई धेरै प्रेम गर्नु हुन्छ ।

४. त्यो कुरालाई जाँच्नुहोस जसले पवित्र आत्माले तपाईको लागि के गर्नु हुनेछ भन्ने कुरा वर्णन गर्छ ।

क. तपाईको कामवासनाको सहभागीतामा तपाईको जीवनको प्रवन्ध ।

ख. तपाईको हृदयमा बास ।

ग. पाप नगर भन्न शक्ति प्रदान ।

घ. पृथ्वीमा पापरहित जीवन जिउन तपाईको जीवन परिवर्तन ।

५. त्यो तरिका जाँच्नुहोस् एउटा ख्रीष्टियानले उसको आफ्नो यौनजन्य क्रिया परमेश्वरको महिमाको लागि प्रयोग गर्न सक्छ ।

क. विवाहित भएर यौनजन्य प्रयोग हुनु ।

ख. एउटै लिङ्गको एउटा साथी र एउटा विश्वासी सल्लाहकार भएर ।

ग. विवाह भन्दा बाहिर यौनक्रिया गर्नु हुदैन भनेर ।

घ. तपाईले विवाह गर्नु भन्दा पहिले परमेश्वरले तपाईलाई एकल व्यक्ति जस्तै चाहनु हुन्छ कि हेरेर ।

(**तपाईको उत्तर जाँच्न पे. नं.७७ मा हेर्नुहोस् ।**)

# शब्दकोष

(तपाईले नजानेका शब्दहरुको अर्थ)

| | |
|---|---|
| योग्यता— | कुनै कार्य गर्न योग्य हुनु । |
| गर्भपतन— | नजन्मदै बच्चालाई मार्नु । |
| दुरुपयोग— | कुनै कुरा प्रयोग गर्नु अथवा कुमार्गमा हुनु । |
| दुर्व्यसनी— | कुनै कुराको दास हुनु, लात मार्नु ( लागुऔषध, मदिरापान) |
| अभियान— | एउटा अनुभव अथवा असधारण यात्रा, उत्सुकता |
| सल्लाह— | कसरी विश्वासमा त्याउने सो कुरा देखाउनु अथवा कार्य गर्नु |
| भोक— | खानाको लागि इच्छा जाग्नु, अरु केहिको लागि इच्छा गर्नु । |
| आकर्ष— | मनपराईएको |
| त्याग्नु — | टाढा रहनु, छोड्नु |
| आचरण— | काम कुरा गर्ने तरिका |
| सिमारेखा— | एउटा रेखा कसैले त्यो ठाउँ भन्दा बाहिर जानु |

प्रतिज्ञा— कसैलाई केहि कुरा सहयोग गर्ने प्रतिज्ञा गर्नु, वाचा

अलमल्ल पर्नु— दुविधामा पर्नु

मनाउनु— विश्वास दिलाउनु

भेषभूषा— एक किसिमको पहिरान

सृजनु— केहि कुराको निर्माण गर्नु

अपराध— कानून विरुद्ध कार्य गर्नु

स्वादिष्ट— केहि कुरा धेरै राम्रो स्वाद भएको

अनुभव— कुनै व्यक्ति माथि केहि कुराले प्रभाव पारेको

विख्यात— एउटा व्यक्ति ठूलो तान भएको अथवा दक्ष

केन्द्रित गर्नु— कुनै कुरामा ध्यान केन्द्रित गर्नु

अगुवाई गर्नु— सल्लाह दिनु

समलिङ्गी— एउटै समलिङ्गी प्रति आकर्षित हुनु

अन्त:स्राव(हरमन)— ग्रन्थीहरुबाट निस्कने एउटा पदार्थ

अनैतिक— असल आचरण नभएको

समावेश— एक हुनु, एक भाग हुनु

मजाक— हँसाउने कथा

कामुकता— सम्भोगको तिब्र इच्छा

सल्लाहकार— विश्वासी सल्लाहकार, अथवा शिक्षक

लथालिङ्ग— फोहरी दृष्य, फोहर

कष्ट— धेरै दु:खी

विनयशिल— नम्र, लज्जालु

सामान्य— नियमित

नाङ्गो— वस्त्रहिन

शारीरिक— शरीर सम्बन्धी

अश्लील दृष्य— यौनक्रिया सम्बन्धी चाहनालाई जगाउने तस्विरहरु, फिल्म आदि

सकारात्मक— पूर्णतया ठीक

मुल्यवान— धेरै मुल्यको

बेश्यापन— एउटा व्यक्ति जसले पैसाको लागि देह व्यापार गर्छ

इन्कार— केहि कुरा नगर्नु

सम्बन्ध— कसैसंग नाता गाँस्नु

धार्मिक— परमेश्वरको वचनको नियम पालन गर्ने

आदर— सम्मान गर्नु

नष्ट— पूर्णतया नाश गर्नु

सुरक्षित— सुरक्षा

यौनक्रिया— श्रीमान र श्रीमती बीचको शारीरिक सम्बन्ध

अवस्था— कुनै पनि संकष्टको समय अथवा अरु अवस्था

निष्कर्ष— उत्तर

स्थायी— बदल्न नसकिने, सधै

परिक्षा— कुनै पनि अपराधमा लैजान आउने अवसर आदि

डाँकू, चोर— अपराधीक समूह

निर्सत— कुनै पनि सिमा नभएको अथवा नियम

अमुल्य— धेरै महत्वपूर्ण अथवा उच्च धनराशी पर्ने

विधवा— जसको श्रीमानको मृत्यु भएको छ र विवाह गरेकी छैन ।

# अध्याय जाँचको उत्तर

**अध्याय जाँच एक:**

१. परमेश्वर,तपाई २. परमेश्वर, पहिले ३. प्रेम गर्नुहुन्छ ४. जीवन, पूर्णरुपले ५. क. ख. घ. ६. झूटो ७. दोष ८. निश्चय ९. विश्वस्तताकाम साथ कि तपाईसंग परमेश्वरको प्रेम र स्वीकार छ ।

**अध्याय जाँच दुइ:**

१. तपाई को हुनुहुन्छ २. पुरुष र स्त्री ३. क. ख. घ. ४. क. ग. ख. स.ग.ग.घ.ग.ङ स. ५. अति उत्तम ।

**अध्याय जाँच तीन:**

१. क.ग.घ. २. आशिष ३. गलत ४. सही ५.गलत ६. सही ।

**अध्याय जाँच चार:**

१. क.ख.ग. २. पहिल्यै ३. उत्साह ४. क.ख.ग.घ ।

**अध्याय जाँच पाँच:**

१. ख.ग.घ २. क.ख.घ. ३. क.सही ख. गलत ग. गलत घ. सही ४. क.ग.ङ च ।

**अध्याय जाँच छ:**

१. तपाई २. ख्रीष्ट ३. क. गलत ख. गलत ग. सही घ. सही ४. क.ख.ग. ५. क.ख.ग.घ. ।

# अन्तिम परीक्षा

वधाई छ ! तपाईले परमेश्वरले नर र नारीलाई सृजनु भयो भन्ने आफ्नो अध्ययन पूरा गर्नुभयो । अध्ययन परीक्षाहरुमा कहि कतै गल्ती भएको छ कि भनी पुनः एकपटक पुस्तकको अन्त्य देखि शुरु सम्म सरसर्ती हेर्नुहोस् र दोहोर्‍याउनुहोस् । साथै प्रत्येक अध्यायको उद्देश्यहरुको स्मरण गर्नुहोस् । जब तपाई सबै उद्देश्यहरु जान्दछु भनि निश्चय हुनुहुन्छ, तब चाँहि तपाई अन्तिम परीक्षा दिनको लागि तयार हुनुहुन्छ ।

पुस्तकमा कही कतै नहेरीकन अन्तिम परीक्षा सक्नुहोस् । जब सक्नुहुन्छ, तब जसले यो पुस्तक दिएको हो उहाँलाई वा यो पुस्तक को अन्तिम पानामा दिएको ठेगानामा परीक्षाको उत्तर पुस्तिका पठाउनुहोस् । तपाई यस श्रृंखला अन्तगर्त बाइबल अध्ययनका अन्य पुस्तकहरु मगाउन सक्नुहुन्छ ।

यदि तपाई पूरै तयार हुनुभयो भने, परीक्षालाई पुस्तकबाट छुटाउनुहोस् अनि पुस्तक अलग राख्नुहोस् । पुस्तक नखोलिकन परीक्षा दिनुहोस् ।

# परमेश्वरले नर र नारीलाई सृजनु भयो अन्तिम जाँच

बहुमुखी छनौट । वाक्यलाई जाँच गरि सबभन्दा राम्ररी मिलेको वाक्यलाई छान्नुहोस् ।

१. तपाईको यौनक्रियाको लागि सबभन्दा राम्रो कुरा हो ।

.... क. यसको बारेमा नसोच्नु ।

.... ख. परमेश्वरलाई यसको प्रभु हुन दिनु ।

.... ग. यसलाई नियन्त्रणमा ल्याउन कठोर परिश्रम गर्नु ।

.... घ. जहिले पनि असल अनुभव गर्नु ।

२. यौनक्रियाको लागि परमेश्वरको व्यवस्था नमान्नुको अर्थ

.... क. सायद तपाईले आफ्नो जीवनमा केहि दुर्गति ल्याउनु हुनेछ, तर अझै परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ ।

.... ख. केहि पनि होईन, किनकि एउटा कुरा मात्र परमेश्वरले विचार गर्नुहुन्छ त्यो हो धार्मिकता ।

.... ग. सायद तपाई नरकमा जानु हुनेछ ।

.... घ. तपाई भताभुङ्ग (बिगार्नु) गर्नुभन्दा पहिले परमेश्वरले तपाईलाई त्यति बढी प्रेम गर्नुभएको थिएन ।

३. येशू तपाईको कारण क्रूमा मर्नुभयो ताकि

.... क. तपाई परमेश्वरद्वारा प्रेम गरिएको र बचाइएको निश्चयता गर्न सक्नुहुन्छ ।

.... ख. असल जीवन जिउन तपाईले कठोर परिश्रम गर्न कोशिश गर्नुपर्छ ।

.... ग. तपाईले बचाइनको लागि अलिकति कार्य गर्नु पर्छ ।

.... घ. तपाई योग्य हुनुहुन्छ भनेर प्रमाणित गरिनु पर्छ ।

सही अथवा गलत ? सही उत्तरमा गोलो घेरा लगाउनुहोस् ।

४. परमेश्वरले नर र नरीलाई एक आपसमा खुशी हुन, एक साथ रहन र हेर्न, अथवा भेट्घाट गर्न सृजनु भयो ।

५. मानिसहरुले संसारमा पापको प्रवेश पछि मात्र यौनक्रियाको शुरुवात गरे ।

६. यौनजन्य कुरा परमेश्वरको भूभाग भित्र हो, शैतानको होईन ।

७. परमेश्वरले तपाईको जीवनको जुनसुकै क्षेत्रबाट सहायताको लागि शुभ इच्छा गरिरहनु भएको छ ।

८. बाइबलले भन्छ येशू परमेश्वर हुनुहुन्छ, र उहाँ...........पनि हुनुहुन्छ ।

९. हिब्रू २:१८ मा बाइबलले सिकाउछ कि “किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र ........, यसैले ............ पर्नेहरुलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।”

१०. विवाह पछि विवाहित संग यौनक्रियाको आशिषको बारेमा वर्णन गरिएका कुराहरुको जाँच गर्नुहोस्

.... क. श्रीमान र श्रीमतीको लागि “म तिमीलाई माया गर्छु” भन्नु यो शक्तिशाली उपाय हो ।

.... ख. श्रीमान र श्रीमतीले एकसाथ खुशी आनन्द मनाउन सक्छन यसको परिणाम बच्चाहरु हुन सक्छन् ।

.... ग. त्यहाँ कुनै एड्स अथवा छाला सम्बन्धी रोग आउने डर हुदैन ।

.... घ. अरु व्यक्तिले विरक्त पार्छ अथवा छोड्छ भनेर अभिनय गर्ने दबाव छैन ।

११. हाम्रो सुरक्षाको लागि परमेश्वरले राख्नु भएको सिमाहरुको कुराहरु पत्ता लगाउनुहोस् ।

.... क. पुरुष पुरुषसंग र स्त्री स्त्रीसंगको यौनक्रिया ।

.... ख. विवाहको प्रतिज्ञा भन्दा बाहिरको यौनक्रिया ।

.... ग. श्रीमान र श्रीमतीले माया गर्न विभिन्न प्रकारका तरिकाहरु ऋपनाउने कोशिश गर्नु ।

.... घ. तपाईको विवाह भएको छैन कसैसंग काल्पनिक यौनक्रिया गर्नु हुन्छ ।

.... ङ. श्रीमान र श्रीमतीले एक अर्कासंग काल्पनिक यौनक्रिया गर्नु ।

.... च. पुरुषले स्त्रीलाई उसको सुन्दरताको लागि प्रशंसा गर्ने र स्त्रीले पुरुषलाई उसको सुन्दरताको लागि प्रशंसा गर्ने ।

.... छ. दुराचारी ।

बहुमुखी छनौट । शब्दहरुलाई जाँची सबभन्दा राम्रो पूर्ण वाक्यंशलाई छान्नुहोस् ।

१२. यदि तपाईको यौनजन्य जीवनमा नियन्त्रण गर्न पाउन नसक्नु भएको जस्तो देखिनु भएको छ भने तपाईलाई यो आवस्य पर्छ,

.... क. कठोर परिश्रम ।

.... ख. त्यो वास्तविक तथ्यलाई स्वीकार्नु होस् कि तपाई नरकमा गईरहनु भएको छ ।

.... ग. आफैले आफूलाई हिन बोध लज्जा महसुस गर्नु ।

.... घ. येशूले तपाईलाई क्षमा दिनुहुन्छ र परिवर्तन हुन तपाईलाई शक्ति प्रदान गर्नुहुन्छ, भनि उहाँमा भरोसा राख्नु ।

१३. तपाईको पुरुषत्व र नारीत्व

.... क. एउटा कठोर र परीक्षित हो कि तपाईले सहनै पर्छ ।

.... ख. एउटा आशिष हो जब येशू यसको मालिक हुनुहुन्छ ।

.... ग. केहि कुरा हो यदि तपाई एउटा वास्तविक ख्रीष्टियान बन्न चाहनु हुन्छ भने यसको वास्ता गर्नु पर्दैन ।

.... घ. पूर्णतया अनावस्यक हो, एउटा कुरा गर्नु पर्छ कि तपाईले धार्मिक कार्य गर्नुपर्छ ।

१४. एउटा ख्रीष्टियान जो एकल छ,

.... क. जस्तै ऊ एकलो व्यक्ति छ उसको लागि परमेश्वर संग के योजना छ पत्ता लगाउनु आवश्यक छ ।

.... ख. जति चाडै सम्भव छ उसको लागि एउटा ख्रीष्टियान श्रीमान अथवा श्रीमती खोज्नु आवश्यक छ ।

.... ग. कहिल्यै पनि विवाह गर्नु हुदैन किनकि अविवाहित रहेमा यो धेरै ज्यादा आत्मिक हुन्छ ।

.... घ. परमेश्वरद्वारा दण्डित भइरहेछ ।

कृपया निम्न विवरण लेख्नु होला:

नाम:...........................................................

ठेगाना:........................................................

कृपया यो पाठ्य सामग्री बारे आफ्नो मन्तव्य व्यक्त गर्नु होला ।

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

Multi-Language Productions
Bringing the Word to the World

**God Created Man and Woman-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385188**